का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० चैत २०८१,
बुधबार
2 April, 2025
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ५९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# करोडौंका व्यक्तिगत सामान भन्सारमै कबाड बन्दै

## भन्सार, पारवहन र कार्गो व्यवस्थापनबीच देखिएन समन्वय र मतैक्य

जिम्मेवार निकायका अधिकारीहरू गम्भीर नहुँदा कार्गोमार्फत आएका करोडौंका व्यक्तिगत सामानहरू २ महिनादेखि गोदाममै थन्किएर कबाडमा लिलाम हुने अवस्था छ



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

विभिन्न देशबाट कार्गोमार्फत आएका करोडौं रुपैयाँ पर्ने हजारौं क्विन्टल व्यक्तिगत सामानहरू त्रिभुवन विमानस्थल भन्सार कार्यालस्थित पारवहनमै कबाड बन्ने अवस्थामा पुगेका छन् ।

भन्सार कार्यालय, त्यहाँको नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड र कार्गो व्यवस्थापन शाखाको गैरजिम्मेवारीका कारण विदेशबाट व्यक्तिका नाममा आएका १०० टनभन्दा बढी सामानहरू गोदाममै थन्किएर कबाड बन्ने अवस्थामा पुगेका हुन् ।

विदेशबाट नेपालीले आफ्नो परिवार र आफन्तलाई पठाएका व्यक्तिगत तथा कतिपय व्यावसायिक सामानहरू करिब २ महिनादेखि भन्सार कार्यालयको गोदाममा थन्किएर रहेका पारवहनका एक कर्मचारीले बताए ।

तर, विमानस्थल भन्सार कार्यालय परिसरमै रहेका नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड र कार्गो व्यवस्थापन शाखाका जिम्मेवार अधिकारीहरू एकले अर्कोलाई जिम्मेवारी सार्दै चोखिन खोजेका देखिन्छ ।

कार्गो वा कुरियर गरेर हवाई मार्गबाट पठाएका सामानहरू २ महिनासम्म गोदाममै अलपत्र पारिएपछि भन्सार कार्यालयले लिलाम विक्रीमा निकाल्ने गरेको छ । यसरी व्यक्तिगत सम्पत्ति सम्बन्धित व्यक्तिलाई पठाउने विषयमा जिम्मेवार निकाय तथा अधिकारीहरू गम्भीर नहुँदा करोडौंको सम्पत्ति कबाडमा लिलाम हुने गरेको छ।

कार्गोमार्फत आएर भन्सारको गोदाममा थन्किएको १०० टनभन्दा बढी सामानको तथ्यांकसमेत एकले अर्कोलाई देखाएर उपलब्ध गराउन मान्दैनन् यी निकाय । कुन देशबाट आएका के-कति सामानहरू कति समयदेखि उठ्न सकेका छैनन् भन्ने विषयमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रवक्ता तथा प्रमुख भन्सार अधिकृत शान्तिराम निरौलाले अनभिज्ञता प्रकट गरे ।

'प्रज्ञापनपत्र भरेर सामान बाहिर आएपछि हामीले जाँच गरेर छुटाउने हो', उनले भने, 'हामीलाई कति सामान आएको छ र कति स्टक छ भन्ने कुरा थाहा हुँदैन । गोदाम छुट्टै कम्पनीको भएकाले के-कति सामान पैठारी निकासी भए भन्ने यकिन हुँदैन ।' यद्यपि, राज्यले कसको जिम्मेवारी के भन्ने प्रस्ट व्यवस्था गरेको छ ।

सोही विषयमा गोदामको जिम्मेवारी लिएको नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडले भन्सार कार्यालयमै सबै तथ्यांक

>>> पृष्ठ २ मा



## कार्गो व्यवसाय पनि समस्यामा

पछिल्लो समय भन्सार प्रक्रियामा देखिएको अवरोधका कारण प्रवासी नेपालीहरूले पठाएको सामान नेपालमै रोकिएको बीपीएल कार्गो साउदी अरबका संचालक प्रवीन पौडेल बताउँछन् ।

'हामी विगत १७ वर्षदेखि साउदी अरेबियाबाट नेपाली समुदायलाई कार्गो सेवा दिँदै आएका छौं तर अहिले नेपाल सरकारले ल्याएको भन्सार नीति र ढिलाइले सेवाग्राहीहरू मर्कामा परेका छन् । हजारौं नेपालीले विदेशबाट पठाइएका सामान पाउन सकेका छैनन् ।'

यो समस्या समाधान गर्न नेपाल सरकार, अर्थ मन्त्रालय तथा भन्सार विभागलाई आग्रह गरेको उनले बताए । 'अहिलेको भन्सार प्रक्रिया पारदर्शी, सहज र प्रभावकारी बनाउन आवश्यक छ', उनले मध्यान्हसँग भने, 'भन्सार जटिलताका कारण विदेशमा श्रम गर्ने नेपालीहरूले दोहोरो दुःख भोग्नुपरेको छ । कार्गो व्यवसायीहरू र प्रवासी नेपाली समुदायको समस्यमा सरकारको ध्यान नपुग्ने हो व्यक्तिले सामान नपाउने मात्र होइन, कार्गो व्यवसाय थप संकटमा पार्ने छ ।'

> अहिले नेपाल सरकारले ल्याएको भन्सार नीति र गरेको ढिलाइले सेवाग्राहीहरू मर्कामा परेका छन् । हजारौं नेपालीले विदेशबाट पठाइएका सामान पाउन सकेका छैनन्
>
> **प्रवीन पौडेल**
> संचालक, बीपीएल कार्गो साउदी अरब

## सकियो विधेयक अधिवेशन

# बनेनन् निजामती प्रहरी र शिक्षा ऐन

दुई तिहाइ बहुमतको सरकारले राखेको लक्ष्यअनुसार संघीयता कार्यान्वयनसँग सम्बन्धित महत्त्वपूर्ण ऐनहरू हिउँदे अधिवेशनबाट बन्न सकेनन्

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

संसद्को हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा लिइन्छ । तर, मंगलबार रातिबाट अन्त्य भएको विधेयक अधिवेशनले पनि संघीयता कार्यान्वयनसँग सम्बन्धित महत्त्वपूर्ण ऐनहरू बनाउन सकेन ।

हिउँदे अधिवेशन गत १८ माघमा सुरु भएको थियो । मंगलबारसम्म ६१ दिन अधिवेशन चल्यो । सत्तारूढ दल नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाका अनुसार हिउँदे अधिवेशनबाट २१ वटा ऐन बनाउने लक्ष्य राखिएको थियो । त्यसअन्तर्गत संघीय निजामती सेवा विधेयक, प्रहरी विधेयक, शिक्षा विधेयकलाई ऐनमा रूपान्तरित गर्ने भनिएको थियो तर मुख्य लक्ष्यमा सरकार सफल हुन सकेन ।

तथापि, विगतको तुलनामा यस पटक कानुन निर्माणले गति लिएको बताउँछन्

>>> पृष्ठ २ मा

> निराशाका कुरा मात्र गरेर हुँदैन । ९ वटा ऐन बनेका छन् । अन्य विधेयक अघि बढेका छन् । निजामती विधेयक निष्कर्षतिर पुर्‍याएका छौं
>
> **रामहरि खतिवडा**
> सांसद, नेपाली कांग्रेस



## रविले खोजे निलम्बन फुकुवा



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफ्नो सांसद पद निलम्बनको फुकुवा खोजेका छन् । संघीय संसद्को हिउँदे अधिवेशन सुरु हुने पहिलो दिन गत १८ माघमा पनि सभामुख घिमिरेलाई भेटेर लामिछानेले सांसद पद निलम्बन फुकुवाको माग गरेका थिए । तर, सभामुख देवराज घिमिरेले त्यस्तो निर्णय लिएनन् । अधिवेशनको अन्तिम दिन मंगलबार पनि

>>> पृष्ठ २ मा

## बारमा सत्तापक्ष र प्रतिपक्षको प्रतिस्पर्धा

**मध्यान्ह समाचारदाता**
काठमाडौं, १९ चैत ।

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनमा सत्तापक्ष र प्रतिपक्षी वकिलले समूह नै बनाएर भिडन्तमा उत्रिएका छन् । नयाँ नेतृत्वका लागि २५ चैतमा देशभर एकैसाथ हुने निर्वाचनमा लोकतान्त्रिक-प्रगतिशील र व्यावसायिक समूहका नाममा प्रतिस्पर्धा हुने भएको हो ।

लोकतान्त्रिक-प्रगतिशील समूहमा कांग्रेस-एमाले र राप्रपा समर्थित कानुन व्यवसायीहरूले संयुक्त समूह बनाएका छन् । नेपाली कांग्रेस निकट वरिष्ठ अधिवक्ता विजयप्रसाद मिश्र नेतृत्वको सो समूहमा नेकपा एमाले निकटको प्रगतिशील समूहबाट केदार कोइराला महासचिवका उम्मेदवार छन् ।

त्यस्तै, नेकपा (माओवादी केन्द्र) निकट प्रोग्रेसिभ प्रोफेसनल लयर्स एसोसिएसन (पीपीएलए)ले वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठको नेतृत्वमा समूह बनाएको छ । उक्त समूहमा राष्ट्रिय स्वतन्त्र पार्टी निकट स्वतन्त्र कानुन व्यवसायी मञ्चका

>>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## प्रगतिशील मञ्च प्यानलको उम्मेदवारी घोषणा आज

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २९ चैतमा हुने निर्वाचनका लागि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च प्यानलले आज (बुधबार) उम्मेदवार घोषणासभा गर्ने बताएको छ ।

वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपाल र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा बनेको सो प्यानलको अध्यक्षका उम्मेदवार नरेश गेलालले व्यवसायीको मागअनुसार बलियो र भरपर्दो प्यानल तयार पारेर चुनावी मैदानमा आएको बताए ।

संघका पूर्वमहासचिव र मञ्चका पूर्वअध्यक्ष रहेका गेलाल एचआर इन्टर नेसनल सर्भिस प्रा. लि.का संचालक हुन् ।

गेलाल नेतृत्वको प्यानलको महासचिवमा मञ्चका अध्यक्ष तथा रावल इन्टरनेसनल प्रा. लि.का संचालक जनक रावलको उम्मेदवारी तय भइसकेको छ।

प्रथम उपाध्यक्षमा अल करिम ह्युमन रिसोर्स प्रा. लि.का संचालक सञ्जु गुरुङ, तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआर प्रा. लि.का संचालक बैकुण्ठ पौडेल वैभव, कोषाध्यक्षमा कालिञ्चोक

>>> पृष्ठ २ मा

### पार्टीको नीति स्पष्ट गरी प्रतिनिधि पठाउन एसोसिएसनको माग



**काठमाडौं/मस-** एक पक्षीय र पार्टीको नीतिविपरीत तालमेल गरेको दाबी गरिरहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्षले मंगलबार नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई पार्टीको नीति स्पष्ट गरी संघको निर्वाचनका लागि प्रतिनिधि पठाउन माग गरेको छ । बूढानीलकण्ठस्थित निवासमा सभापति

>>> पृष्ठ २ मा


### संख्या सयको प्रावधान खारेजीसम्बन्धी विधेयक पारित हुन पाएन

**काठमाडौं/मस-** संसद्को बहुप्रतीक्षित हिउँदे अधिवेशन वैदेशिक रोजगारमा संख्या सयको प्रावधान खारेजीसम्बन्धी विधेयक पारित नगरी अन्त्य भएको छ । संघीय संसद्को चालू हिउँदे अधिवेशनबाटै संख्या सय खारेजी हुनु अतिजरुरी रहेको भन्दै व्यवसायीहरूले विधेयक पारित गराउन भेटघाट र छलफललाई तीव्रता दिएका थिए ।

तर, नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले पदमुक्त गरेको विषयमा

>>> पृष्ठ २ मा

## सांसद दीपक बोहराको निधन



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत ।

रुपन्देही- ३ बाट प्रतिनिधिसभामा निर्वाचित राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता दीपक बोहराको निधन भएको छ । मंगलबार ७४ वर्षको उमेरमा काठमाडौंमा उनको निधन भएको हो ।

पञ्चायतकालदेखि नै जनप्रतिनिधिका रूपमा पटक-पटक निर्वाचित बोहराको मंगलबार निधन भएको हो ।

२०७९ सालको आमनिर्वाचनमा एक शब्द पनि नबोली तत्कालीन बहालवाला गृहमन्त्री बालकृष्ण खाणलाई हराएर उनी चर्चामा थिए । बोल्न असमर्थ रहेका बोहराले संसद्मा भौतिक उपस्थिति जनाए पनि बोल्न सकेनन् र संसद्मा पनि नबोली उनी संसारबाट बिदा भएका छन् । ५ वर्षअघि बोहरा कोभिड- १९बाट

>>> पृष्ठ २ मा



# कुलमान र हितेन्द्रको मुद्दा 'हेर्दाहेर्दैमा'



**काठमाडौं/मस–** नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङ र वर्तमान कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको रिटमाथि सर्वोच्च अदालतमा सुनुवाइ भएपनि अन्तिम निर्णय हुन सकेको छैन। मंगलबार भएको सुनुवाइ नसकिएपछि मुद्दालाई 'हेर्दाहेर्दैमा' राखिएको छ।

सर्वोच्च अदालतका न्यायाधीश कुमार चुडाल र नित्यानन्द पाण्डेयको इजलासमा मंगलबार दुवै पक्षको सुनुवाइ भएको थियो। सो अवसरमा कुलमान घिसिङको पक्षबाट वरिष्ठ अधिवक्ताहरू दिनमणि पोखरेल, माधव बस्नेत लगायतले बहस गरेका थिए। तर, हितेन्द्रदेव शाक्यको तर्फबाट भने बहस हुन बाँकी रहेकाले मुद्दा थप प्रक्रियाका लागि 'हेर्दाहेर्दैमा' राखिएको हो।

यसअघि आइतबार पनि यी मुद्दाहरूको सुनुवाइका लागि पेशी तोकिएको थियो, तर कार्यसूचीमा परे पनि सुनुवाइ हुन सकेको थिएन। अब बिहीबार हितेन्द्रदेव शाक्यको पक्षबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, गोविन्द बन्दी लगायतका कानुन व्यवसायीले बहस गर्नेछन्। साथै, सरकारी पक्षबाट महान्यायाधिवक्ता रमेश वडाल सहितका कानुन व्यवसायीले आफ्नो तर्क प्रस्तुत गर्ने कार्यक्रम छ। बुधबारको बहसपछि सर्वोच्च अदालतले अन्तरिम आदेश दिने वा नदिने विषयमा निर्णय गर्ने बताइएको छ।

### करौडौंका...

पठाएकाले त्यहीँबाट सार्वजनिक हुने बताउँदै आएको छ। पारवहन व्यवस्थापन प्रमुख सुनिता सिंह करिब २ महिनादेखि व्यक्तिगत प्रयोजनका सामानहरू गोदाममा स्टक रहेका तर यसको विस्तृत विवरण भन्सार कार्यालयबाटै लिनुपर्ने भन्दै पन्छिइन्।

'२ महिनादेखि नै सामान स्टक छ', उनले मध्यान्हसँग भनिन्, 'तर, किन पठाइएन वा सम्बन्धित व्यक्तिले लिन आएनन् भन्ने कुरा भन्सार कार्यालयलाई नै थाहा हुने हो। हामीले भन्सारसँग समन्वय नगरी सामानको यकिन विवरणसमेत उपलब्ध गराउन सक्दैनौं, मिल्दैन।'

नागरिकको व्यक्तिगत सामान सरकारी निकायले गोदाममा थुनेर राख्ने अनि यस्तो तरिकाले सार्वजनिक हुनु जिम्मेवार अधिकारीहरूको गैरजिम्मेवार प्रवृत्ति देखिएको उपभोक्ता तथा कार्गो व्यवसायीहहरूले गुनासो गरेका छन्। सरकारकारले ल्याएको भन्सार नीतिको ढिलाइले सेवाग्राही र कार्गो व्यवसायीहरू मर्कामा परेका बीपीएल कार्गो नेपालका संचालक प्रवीन पौडेलले बताए। 'सरकारको नीतिले कार्गो व्यवसायी त मर्कामा परेका छन् नै, हजारौं नेपालीले विदेशबाट पठाइएका सामान पाउन सकेका छैनन्', उनले भने।

गोदामबाट तोक लागाएर बाहिर निकालेको सामान जाँचपास गरी सम्बन्धित व्यक्तिलाई पठाउने भन्सारको जिम्मेवारी रहेकाले गोदाममा स्टक सामानका सम्बन्धमा कार्यालय जिम्मेवार नहुने भन्सार कार्यालयको तर्क छ। कार्गोको बदमासीका कारण अनधिकृत सामानहरू आउने र त्यसको जाँचपासमा समस्या आउने विमानस्थल भन्सार कार्यालय गौचरणका अर्का एक अधिकारीले बताए।

उनले भने, 'कतिपय अवस्थामा कार्गोको बदमासी पनि हुन्छ। कतिपयले व्यक्तिगत प्रयोजनका नाममा व्यावसायिक प्रयोजनका लागि पठाउने हुँदा पनि विदेशबाट आएको उनीहरूको सामान वितरण हुन नसक्ने समस्याहरू छन्।' कानुनी प्रक्रियामा समस्या देखिएका सामानहरू रोकिने र गोदाममा थन्किने आवस्था आएको हुन सक्ने उनको भनाइ छ। भन्सारले विदेशबाट आएका व्यक्तिगत प्रयोजनका सामानलाई व्यक्तिगत मालवस्तु वा झिटीगुन्टा र व्यावसायिक प्रयोजनका सामानलाई मालवस्तुका रूपमा विभाजन गरेको हुन्छ। विदेशबाट ल्याइएका घरायसी प्रयोजनका निश्चित सामानलाई सरकारले भन्सार छुट दिने व्यवस्था छ।

तर, व्यापारिक सामानहरूमा कर लगाएर भन्सार पास गराउँछ। हाल थन्किएका कति सामानहरू व्यक्तिगत र कति व्यावसायिक छन् भन्नेसमेत तथ्यांक नराखेको पारवहन तथा गोदाम व्यवस्थापन प्रमुख सिंहको भनाइ छ।

कार्गो व्यवस्थापन शाखाका प्रमुख केशवराम नेपालले कार्गोले गोदामका लागि ठाउँ उपलब्ध गराउनेबाहेक केही अधिकार नभएको बताए। भन्सार एजेन्ट र कर्मचारीले कार्गोको बदमासीका कारण कतिपय समस्या आउने गरेका बताए पनि नेपालले त्यसलाई अस्वीकार गरेका छन्। 'कार्गोले सामान राख्नका लागि ठाउँ व्यवस्थापन मात्र गरिदिने हो', उनले भने, 'हाम्रो अरू कुनै काम हुँदैन। पारवहनले सामान रुजु गर्ने, व्यवस्थापन र भन्सार कार्यालयको आवश्यक प्रक्रिया पुऱ्याएर छुटाउने जिम्मेवारी हुन्छ। हामीलाई के-कस्ता सामान आए, कति आए, कति गएर र कति सामान कहिलेदेखि बाँकी छन् भन्ने थाहै हुँदैन।' विमानस्थल भन्सार कार्यालयले झिटीगुन्टा र कमर्सियल सामानको जाँचपासमा कडाइ गर्न थालेपछि विदेशबाट कार्गो गरेर पठाएका सामान जाँचपासमा अनधिकृत देखिँदा लामो समय स्टक रहेको भन्सार एजेन्टहरू बताउँछन्।

'कतिपय सामानहरू प्रक्रिया नै नपुऱ्याई ऐन कानुनविपरीत आएकाले त्यस्ता सामान स्टक रहेका हुन सक्छ', नेपाल भन्सार एजेन्ट संघका अध्यक्ष गैतम भट्टले भने। झिटीगुन्टा सामानमा भन्सार छुट दिने र कमर्सियल सामानमा कर लाग्ने भएकाले कतिपयले सामान पठाउँदा झिटीगुन्टाका रूपमा पठाउने र त्यसलाई भन्सारले कडाइ गर्दा गोदाम भरिने अवस्था आएको व्यवस्थापनका कर्मचारीहरूको भनाइ छ। गत ११ फागुनमा बसेको भन्सार कार्यालयको व्यापार सहजीकरणसम्बन्धी बैठकले कार्गो तथा कुरियरमार्फत आउने व्यावसायिक सामानहरूसमेत व्यक्तिगत प्रयोजनका लागि भनेर ढाँट्ने प्रवृति देखिएकाले यसमा कडाइ गर्ने निर्णय गरेको भन्सार कार्यालयले जनाएको छ।

### सकियो...

खतिवडा। उनी भन्छन्, 'निराशाका कुरा मात्र गरेर हुँदैन। ९ वटा ऐन बनेका छन्। अन्य विधेयक अघि बढेका छन्। निजामती विधेयक निष्कर्षतिर पुऱ्याएका छौं।' संसद्को आगामी अधिवेशनले निजामती ऐन बनाउने उनको विश्वास छ।

संघीय निजामती सेवा विधेयक २१ फागुन २०८० देखि संसद्मा विचाराधीन छ। हाल यो विधेयक प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा विचारधीन छ।

अर्थात्, दुई तिहाइ बहुमतको सरकारले राखेको लक्ष्यअनुसार संघीयता कार्यान्वयनसँग सम्बन्धित महत्त्वपूर्ण ऐनहरू हिउँदे अधिवेशनबाट बन्न सकेनन्। नेपाल प्रहरी र सशस्त्र प्रहरी ऐन संशोधन विधेयक पनि संसद्मै रहे। नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सम्बन्धित विधेयक १५ माघ २०८१ देखि प्रतिनिधिसभामा पुगेको थियो। यी हाल राज्य व्यवस्था तथा सुशासन समितिमा छन्।

विद्यालय शिक्षा विधेयक पनि ऐनमा रूपान्तरित हुन सकेको छैन। यो विधेयक २७ भदौ २०८० मा संसद्मा आएको थियो। हाल यो प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलमा छ।

निजामती, प्रहरी र शिक्षा जस्ता महत्त्वपूर्ण ऐन बन्न नसके तापनि अन्य विभिन्न ९ वटा ऐन भने बनेका छन्, जसमा भ्रष्टाचार निवारण संशोधन ऐन, विधायन ऐन, विद्युतीय व्यापार ऐन रसुरक्षित कारोबार संशोधन ऐन छन्। यी विधेयकहरू विधेयकको प्रक्रियाअनुसार संसद्मा पुगेर पारित भएर ऐनमा रूपान्तरित भएका हुन्।

बाँकी ५ वटा ऐन भने अध्यादेशमार्फत भएका संशोधन हुन्, जसमा सुशासन प्रवर्द्धनसम्बन्धी ऐन, आर्थिक तथा व्यावसायिक वातावरण सुधारसम्बन्धी ऐन, निजीकरण संशोधन ऐन, आर्थिक कार्यविधि संशोधन ऐन र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन छन्। सरकारले संसद् अधिवेशन नरहेका बेला विभिन्न ६ वटा अध्यादेश ल्याएको थियो। तीमध्ये ५ वटा अध्यादेश प्रतिस्थापन विधेयक संसद् पुगेको थियो, जसलाई दुवै सभाले पारित गरेपछि ऐनमा रूपान्तरित भएका हुन्।

### रविले...

लामिछानेले सभामुख घिमिरेलाई भेटे। सिंहदरबारस्थित सभामुखकै कार्यकक्षमा भएको भेटमा उनले आफू २ पटकसम्म चितवनबाट निर्वाचित भएको उल्लेख गर्दै थुनामा नरहेको अवस्थामा निलम्बन हुनु कानुनसम्मत नरहेको बताए।

तर, सभामुख घिमिरेले आफूले नियमअनुसार नै निर्णय लिएको बताए। लामिछाने ८ पुसदेखि सांसद पदबाट निलम्बित छन्।

गत २ कात्तिकमा सभापति लामिछाने पक्राउ परेका थिए।

सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण अभियोगमा मुद्दा दर्ता भएपछि गत ८ पुसमा उनको सांसद पद निलम्बनमा परेको हो।

रास्वपाले लामिछानेको सांसद पद निलम्बनमा सभामुखले विवेक नपुऱ्याएको टिप्पणीसमेत गर्दै आएको छ। संसद् सचिवालयले भने लामिछानेको सांसद पद निलम्बनको आधार कास्की जिल्ला प्रहरी कार्यालयको पत्रलाई देखाउँदै आएको छ।

लामिछानेविरुद्ध सहकारी ठगी, संगठित अपराधसहित सम्पत्ति शुद्धीकरणमा कास्की जिल्ला अदालतमा अभियोगपत्र दर्ता भएपछि कास्की जिल्ला प्रहरीले संघीय संसद् सचिवालयमा जानकारी पत्र पठाएको थियो। सोही पत्रका आधारमा संसद् सचिवालयले लामिछाने सांसद पदबाट निलम्बनमा रहेको पत्र टाँसेको थियो। कास्की जिल्ला प्रहरी कार्यालयको जानकारी पत्रकै आधारमा लामिछानेको सांसद पद निलम्बनमा नपर्नुपर्ने जिकिर रास्वपाका नेताहरूले गर्दै आएका छन्।

### बारमा...

यज्ञमणि न्यौपानेले महासचि पदमा उम्मेदवारी दिएका छन्। दुवै समूहका एजेन्डामा न्यायपालिकाको संरचनागत रूपान्तरणदेखि कानुन व्यवसायीका विकृति-विसंगतिका विषयहरूले प्राथमिकता पाएका छन्। लोकतान्त्रिक-प्रगतिशील समूहका अध्यक्ष उम्मेदवार विजयप्रसाद मिश्रले नवोदित कानुन व्यवसायीहरूको हक प्रवर्द्धन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा बारको उपस्थितिसहितका विषय आफ्ना मुख्य एजेन्डा रहेका बताए। कानुन व्यवसायीहरूको क्षमता विकास, पेसागत दक्षतामा आफ्नो समूहको जोड रहने उनको भनाइ छ। संविधानमै उल्लेखित नागरिक संस्थालाई पहरेदारको भूमिकामा सशक्त बनाइने उक्त समूहबाट महासचिवका उम्मेदवार वरिष्ठ अधिवक्ता केदार कोइरालाले बताए। व्यावसायिक समूहको नेतृत्व गरेका रमनकुमार श्रेष्ठले नेपाल बारको सांगठनिक पुनर्संरचना, कानुन व्यवसायीको क्षेत्र विस्तार र उनीहरूको सामाजिक सुरक्षाका लागि विभिन्न कोष खडा गर्ने एजेन्डा रहेका बताए।

'कानुन व्यवसायीहरू विगतमा पनि आस्थाका आधारमा प्रभावित भएका थिएनन्, अब पनि हामी आस्थाका आधारमा प्रभावित हुँदैनौं', उनले भने, 'कानुन व्यवसायीहरू एजेन्डाका आधारमा अघि बढ्ने पेसाकर्मीहरू हुन्, यस्तोमा राजनीतिक आस्था र दृष्टिकोण गौण हुन्छ।' वरिष्ठ र विज्ञहरूबाट नवोदितहरूलाई ज्ञान र सीप हन्तान्तरणका काम गर्ने उनको भनाइ छ। सो समूहका महासचिवका उम्मेदवार यज्ञमणि न्यौपाने नेपाल बार र न्यायपालिका मात्र नभएर दल निकटका कानुनी व्यवसायी संघ संगठनहरूमा चरम राजनीतिक हस्तक्षेप भएकाले त्यसको विरोधमा आफूले महासचिव पदमा उम्मेदवारी दिएको बताए।

### प्रगतिशील...

एचआरकी संचालक धनु सिँजाली उम्मेदवार बन्ने बताइएको छ।

अल करिमका संचालक गुरुङ हाल संघको द्वितीय उपाध्यक्ष र अल्फाका पौडेल कार्यसमिति सदस्य हुन्। संगठनको सिफारिसमा द्वितीय उपाध्यक्षमा संगठनका महासचिव इम्प्लोइमेन्ट लिंक नेपाल प्रा. लि.का संचालक मधुकर रिजाल, सचिवमा संगठनका सचिव तथा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा. लि.का संचालक अनिल बोगटीले उम्मेदवारी दिने तय भएको छ। कार्यसमिति सदस्यका उम्मेदवारका बारेमा छलफल चलिरहेको बताइएको छ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले गत आइतबार नै उम्मेदवारी घोषणा गरेर प्रचारप्रसार सुरु गरेको छ।

### पार्टीको...

देउवालाई भेटेको सो पक्षले माओवादीसँग हाललाई सहकार्य नगर्ने पार्टीको नीतिविपरीत पार्टीका उपसभापति र केही नेताहरूलाई उपस्थित गराएर नेकपा (माओवादी केन्द्र) निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग तालमेल गरिएको भन्दै आधिकारिक दृष्टिकोण सार्वजनिक हुनुपर्ने माग गरेको छ। व्यवसायीसँगको छलफलपछि सभापति देउवाले स्वकीय सचिव भानु देउवामार्फत उपसभापति पूर्णबहादुर खड्का र गृहमन्त्री रमेश लेखकलाई फोन गरी समस्याको समाधानका लागि निर्देशन दिएका थिए।

उपसभापति खड्का आफू बिरामी रहेकाले केही अपडेट नरहेको बताएपछि असन्तुष्ट खेमाको नेतृत्व गरेका पूर्वअध्यक्ष विमलप्रसाद ढकाल, प्रज्ञान न्यौपाने र कुमुद खनाललगायत करिब एक दर्जन व्यवसायीले दिउँसो गृहमन्त्री लेखकलाई भेटेका थिए।

भेटमा गृहमन्त्री लेखकले सहमतिमा नेतृत्व चयन गर्ने समितिमा नै विगतको निर्वाचन रोकिएको भन्दै प्रगतिशील मञ्चसँग छलफल गरेर जान सुझाव दिएको एसोसिएसनका पूर्वअध्यक्ष न्यौपानेले मध्यान्ह दैनिकलाई जानकारी दिए। गृहमन्त्री लेखकले त्यस विषयमा एमाले स्थायी समिति सदस्य भानुभक्त ढकालसँग पनि छलफल गरेका बताएको छ। गृहमन्त्री लेखकको सुझावपछि एसोसिएसनका असन्तुष्ट पक्ष तथा मञ्चका संस्थापक अध्यक्ष सरोजकुमार पोखरेल र संघका अध्यक्ष राजेन्द्र भण्डारीबीच छलफल भएको बताइएको छ। उक्त छलफललगत्तै दुवै पक्षबीच मञ्चमा पूर्वअध्यक्ष नरेश गेलालको नेतृत्वमा लोकतान्त्रिकको असन्तुष्ट पक्षसँग तालमेल गर्ने चर्चा व्यापक बनेको छ। तर, त्यस विषयमा कुनै पक्षले आधिकारिक पुष्टि गरेका छैनन्।

मञ्च प्यानलका महासचिवका उम्मेदवार तथा मञ्चका अध्यक्ष जनक रावलले त्यस विषयमा माथिल्लो राजनीतिक तहमा छलफल भए पनि व्यवसायीहरूबीच मंगलबार अबेरसम्म कुनै सहमति नबनेको र उक्त छलफल अप्रासंगिक भइसकेको बताए।

एसोसिएसनका पूर्वअध्यक्ष खनालले सबै व्यवसायीलाई समेट्नेगरी विभिन्न संभावनाका बारेमा छलफल भइरहेको बताए। सहमति भएमा महासचिवमा हालका सचिव कर्णराज कटुवाल उम्मेदवार बन्ने कतिपयले बताएका छन्।

### संख्या...

संसद् अवरुद्ध भएपछि संख्या सयको प्रावधान खारेजीसम्बन्धी विधेयक संसद्मा टेबुल नै हुन पाएन।

व्यवसायीले पछिल्लो पटक कानुनमन्त्री अजयकुमार चौरसिया, नेपाली कांग्रेसका सहमहान्त्री तथा सांसद जीवन परियार, संसद् सचिवालयका सहसचिव दामोदर थापालगायतसँग विधेयकका बारेमा छलफल गरेका थिए।

८० वटा कानुनका दफाहरू समेटिएको विधेयकमा वन ऐनसम्बन्धी दफामा दलहरूबीच सहमति नजुट्दा समयमै संसद्मा टेबुल हुन सकेको थिएन। संसद्को हिउँदे अधिवेशनको अवधि छोटिँदै गएको भए पनि पर्याप्त लबिङ भएकाले संख्या सय खारेज गर्ने विधेयक पारित हुने संघ नेतृत्वले पटक-पटक आत्मविश्वास प्रकट गरेको थियो।

सरकारले संख्या सयको व्यवस्था अव्यावहारिक भन्दै खारेज गर्ने निर्णय गरेर ३० असार २०८० मा प्रतिनिधिसभामा विधेयक प्रस्तुत गरेको थियो। यसअघिको मन्त्रिपरिषद्ले अन्तिम पटक भन्दै बाधा अड्काउ फुकाउ आदेश जारी गराएर चालू आर्थिक वर्षका लागि सय जना कामदार नपठाएका म्यानपावर कम्पनीको इजाजत नवीकरण हुने व्यवस्था गरेको थियो।

बजेट अधिवेशनले आर्थिक वर्षको अन्त्यसम्म विधेयक पारित नगरे संघको नयाँ कार्यसमितिका लागि पुनः मन्त्रिपरिषद्बाट बाधा अड्काउ फुकाउ आदेश जारी गराउन कुदाकुद गर्नुपर्ने छ।

### सांसद...

संक्रमित भएका थिए। पोस्टकोभिडको असरका कारण उनले आवाज गुमाए। आवाज गुमाएपछि उनको बोल्ने वा भाषण गर्ने सम्भावना रहेन। भाषण नगरी वा नबोलीकन नै उनले नेपाली कांग्रेसका प्रभावशाली भनिएका बालकृष्ण खाणलाई ६८१ मतान्तरले पराजित गरेका थिए। बोहराले ३६ हजार ७१७ मत प्राप्त गरेका थिए। करिब ४ दशक राजनीतिमा सक्रिय नेता बोहरा २०३८ र २०४० सालमा पर्यटन राज्यमन्त्री बनेका थिए भने २०४२ सालको राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भएका थिए। बोहरा २०६७ सालमा वन तथा भू संरक्षणमन्त्री बनेका थिए।

२०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा रुपन्देही क्षेत्र नम्बर- २ बाट संविधानसभा सदस्यमा निर्वाचित भएका बोहोरा २०७२ सालमा श्रम तथा रोजगारमन्त्री, २०७३ सालमा आपूर्तिमन्त्री र २०७४ सालमा स्वास्थ्यमन्त्री बनेका थिए।

# विपद् व्यवस्थापनमा प्रभावकारी काम गर्न मुख्यमन्त्रीको निर्देशन



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ चैत

लुम्बिनी प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठक मंगलबार सम्पन्न भएको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सम्पन्न बैठकमा विभिन्न ११ वटा एजेन्डामा छलफल भएको थियो। लुम्बिनी प्रदेश बहुप्रकोपको जोखिममा रहेको छ। प्राकृतिक रूपमा भूकम्प, बाढी, पहिरो, चट्याङ, असिना, हुरी, अतिवृष्टिको जोखिम छ। गैरप्राकृतिक रूपमा महामारी, आगलागी, जल दुर्घटना, सडक तथा औद्योगिक दुर्घटनाको जोखिम रहेको छ।

मुख्यमन्त्री आचार्यले प्रभावकारी विपद् व्यवस्थापनका लागि विपद् पूर्व, विपद् भएको अवस्था र विपद् पश्चातको अवस्थालाई ध्यानमा राखेर प्रभावकारी काम अघि बढेको बैठक जानकारी दिए। 'विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउँदै क्षति न्यूनीकरणमा सबैको ध्यान जान जरुरी छ,' उनले भने, 'विपद्मा सडक अवरुद्ध नहुने व्यवस्था गर्नुपर्छ। अवरुद्ध भएको खण्डमा तत्काल सुचारू गर्नुपर्छ। राहत वितरणमा ढिलाइ हुन नदिन जिल्ला तहबाट आउने सिफारिस छिटो आउने वातावरण बनाउनुपर्छ। सरकारले राहत वितरणमा ढिलाइ गर्दैन।'

बैठकले पाल्पाको पर्यटकीय गन्तव्य रानीमहलको नदी कटान संरक्षण, तानसेनको सुकुम्बासी बस्ती सुरक्षा, बाँकेको राप्ती नदी कटान जोखिम न्यूनीकरण, कर्णाली नदीको बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको क्षेत्रमा सिंचाइको काम अघि बढाउन बजेट छुट्याउने निर्णय गरेको छ।

अहिलेसम्मको विवरण अनुसार चालू आर्थिक वर्ष २०८१ मा जम्मा १ हजार ७ सय ५२ विपद् घटना भएका छन्। २ सय ९८ जनाको मृत्यु भएको छ। ६ सय ४१ जना घाइते भएका छन् भने १८ जना अझै बेपत्ता छन्।

२०८० सालको तुलनामा २०८१ मा मानवीय क्षति बढी भएको छ। गत वर्ष १ हजार १ सय २० घटना भएका थिए। ७६ जनाको मृत्यु भएको थियो। १सय ९६ जना घाइते भएका थिए। यस्तै चालू आर्थिक वर्ष २०८१/८२ मा राहत र पुनर्निर्माणका लागि १ करोड २१ लाख २२ हजार रुपैयाँ वितरण गरिएको छ। राहतका लागि १ करोड ६ लाख ३७ हजार रुपैयाँ र पुनर्निर्माणका लागि १४ लाख ८५ हजार रुपैयाँ वितरण गरिएको छ। विपद् राहतलाई बीमासँग जोड्ने र सीप तथा उत्पादनसँग सम्बन्धित बनाउने योजना अघि सारिएको छ।

प्रमुख जिल्ला अधिकारीहरूले विपद् पूर्व तयारीको बारेमा बैठकमा जानकारी गराएका थिए। बैठकमा स्वास्थ्यमन्त्रि खेमबहादुर सारु, प्रदेश सभा सदस्य इन्द्रजीत थारु, प्रमुख सचिव बाबुराम अधिकारी लगायतले विपद् व्यवस्थापनको कामलाई प्रभावकारी बनाउन समुदाय, सुरक्षा निकाय र सरकारको विचमा सहकार्यमा जोड दिएका थिए। बैठकको सहजिकरण आन्तरिक मामिला तथा कानुन मन्त्रालयका विपद् फोकल पर्सन गंगाधर पाण्डेले गरेका थिए।

# तीनकुने घटनाप्रति पत्रकार महासंघ सुर्खेतको आपत्ति



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १९ चैत

नेपाल पत्रकार महासंघ सुर्खेतले काठमाडौंको तीनकुनेमा प्रेसमाथिको आक्रमणपछि सिर्जित घटनाक्रमका विषयमा सरोकारवालासँग छलफल गरेको छ। मंगलबार सुर्खेतस्थित प्रेससँग सम्बद्ध संघ/संगठनहरूसँग महासंघले भावी कार्यदिशाका बारेमा छलफल गरेको हो।

छलफलमा नेपाल पत्रकार महासंघ सुर्खेतका निवर्तमान अध्यक्ष ललित बसेलले तीनकुने घटनामा पत्रकार र सञ्चार गृहमाथि भएको आक्रमणलाई सामान्य रूपमा लिन नहुने बताए। विगतदेखि नै प्रेस स्वतन्त्रतामा विभिन्न पक्षबाट आक्रमण हुँदै आएको उल्लेख गर्दै यसमा महासंघले डटेर सामना गर्नुपर्ने उनले बताए।

प्रेस सेन्टर नेपाल सुर्खेतका अध्यक्ष टेकेन्द्र विश्वकर्माले विज्ञप्ति निकालेर मात्रै पत्रकारको सुरक्षा हुन नसक्ने बताए। सिंगो सञ्चार क्षेत्रमा चौतर्फी भइरहेको हमलाविरुद्ध पेसागत संगठनहरूले प्रतिवाद गर्नुपर्ने उनले बताए। कतिपय अवस्थामा आचार संहिता पालना नगर्दा पत्रकारमाथि आक्रमण हुने गरेको उल्लेख गर्दै उनले पत्रकार पनि मर्यादा रहनु पर्ने बताए। जोखिमको संवदेनशिलतामा ध्यान पुऱ्याउन सके असंगठित समूहको हमलाबाट बच्न सकिने उनको धारणा थियो।

यस्तै, प्रेस चौतारी नेपाल सुर्खेतका अध्यक्ष मुना हमालले तीनकुने घटनामा संलग्न दोषीलाई हदैसम्मको कारबाही र परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिइन्। आन्दोलनका नाममा हत्या जस्तो गम्भीर प्रकृतिको अपराधमा संलग्नलाई कुनै पनि हालतमा उन्मुक्ति दिन नहुने उनले बताइन्। आचारसंहिता पालनासँगै कार्यस्थलमा पत्रकार सुरक्षाको ग्यारेन्टी हुनुपर्ने उनले बताइन्। साथै, उनले पत्रकारको पेसागत सुरक्षा र क्षमता अभिवृद्धिमा महासंघले खुट्टा कमाउन नहुने बताइन्।

नेपाल प्रेस युनियन सुर्खेतका अध्यक्ष मधुवन बिसीले तीनकुने घटनाका विरुद्ध सांकेतिक रूपमा सार्वजनिक कार्यक्रम बहिष्कार गर्नुपर्ने बताए। समाजवादी प्रेस संगठन सुर्खेतका अध्यक्ष देव रानाले मृतकले न्याय नपाउँदासम्म सरकारलाई रचनात्मक दबाब दिने कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए। खासगरी भिडभाडमा रिपोर्टिङ गर्दा उच्च जोखिम हुने उल्लेख गर्दै उनले पत्रकार बिमा कार्यक्रम ल्याउँदा परिवार सुरक्षामा केही हदसम्म सहयोग पुग्ने बताए। यस्तै, सञ्चारीका समूह कर्णाली प्रदेशका सचिव रजनी योगीले प्रेसमाथि भएको अकल्पनीय घटनाको डटेर सामना गर्नुपर्ने बताइन्।


**यूएईमा रोजगार**

कम्पनी: lavajet company alain — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/२३ — चलानी नं.: ६०२२०६५८ — L.T. No.: 305912 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 111 | 0 | स. काममा दक्ष | 1000 | ३७,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**यूएईमा रोजगार**

कम्पनी: CARS TAXI SERVICES CO — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१०/१३ — चलानी नं.: ६०२३२०९६ — L.T. No.: 317706 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Drivers | 52 | 0 | स. काममा दक्ष | 1500 | ५५,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २७, २८ र ३१ गते (9, 10 & 13 April 2025) मा हुनेछ।
अन्तर्वार्ता होटल रेड कार्पेट, भरतपुर, चितवनमा २०८१ चैत २९ गते (11 April 2025) मा हुनेछ
अन्तर्वार्ता होटल दिव्यश्री, पोखरा, कास्कीमा २०८१ चैत ३० गते (12 April 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**STARIS HR SERVICES PVT. LTD.**
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575
श्रम इजाजत नं. १३२४/०७४/०७५



**Government of Bagmati Province**
**Ministry of Health**
**Health Logistics Management Center**
**Hetauda, Nepal**

**Invitation for Bids (Re-Bid)**

**Date of publication: 2081/12/20 BS (2025/04/02 AD)**

The Health Logistics Management Center, Hetauda invites electronic bids from eligible bidders for the procurement of following goods under National Competitive Bidding – Single Stage Two Envelope procedures. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Health Logistics Management Center, Hetauda, Phone No: 977- 057520547, email address: info.hlmc@bagamati.gov.np or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract Name/IFB No: | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid Documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | PROCUREMENT OF MEDICAL VAN(RE-BID) HLMC/G/NCB-21/2081-82 | As per BOQ | 1,22,000.00 | 3,000.00 | 2082/04/30 BS (2025/08/15 AD) |

**Director**

# प्रधानमन्त्री ओली थाइल्यान्डमा



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओली थाइल्यान्डको औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक)को छैटौं शिखर सम्मेलनमा भाग लिन मंगलबार थाइल्यान्ड पुगेका छन् ।

ओलीलाई सुवर्णभूमि अन्तर्राष्ट्रिय विमानस्थलस्थलको विशिष्ट कक्षमा थाइल्यान्डका उपप्रधानमन्त्री एवं यातायातमन्त्री सुरिया जंगाउनग्रेडकिट, संस्कृति तथा खेलकुदमन्त्री सोरावोङ थेनबोङ र थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वली, नेपालका लागि थाइल्यान्डका राजदूत सावापोङ सिरिसोर्नसहितले स्वागत गरेका थिए ।

थाइल्यान्डका प्रधानमन्त्री पे थोङ्थान् शिनावातको मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट पहिलो पटक थाइल्यान्डको औपचारिक भ्रमण भएको हो ।

प्रधानमन्त्री ओली र थाई समकक्षीबीच नेपाल-थाइल्याण्ड सम्बन्धका विविधि विषयमा छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

प्रधानमन्त्री ओली यही चैत २२ गते बिम्स्टेक शिखर सम्मेलनमा सहभागी हुनेछन् । सोही दिन उनले सम्मेलनलाई सम्बोधन गर्नेछन् । प्रधानमन्त्री ओली चैत २१ गते बिम्स्टेक शिखर सम्मेलनमा सहभागी हुने सदस्य राष्ट्रका सरकार वा राष्ट्रप्रमुखको नेताहरूको सम्मानमा आयोजना हुने रात्रिभोजमा सरिक हुनेछन् ।

शिखर सम्मेलनका क्रममा सदस्य मुलुकका समकक्षी एवं राष्ट्रप्रमुखहरूसँग भेटवार्ता हुनेछ । प्रधानमन्त्रीका साथ प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक एवं विकास सल्लाहकार डा.युवराज खतिवडा, मुख्यसचिव एकनारायण अर्यालगायत छन् । प्रधानमन्त्री ओली यही चैत २३ गते स्वदेश फर्कने कार्यक्रम छ ।

# शौभाग्यले चिटिक्कै बनाइदियो रारा माध्यमिक विद्यालयको भवन



**काठमाडौं/मस-** बर्खायाममा पानी चुहिएर पढ्न नमिल्ने अवस्थामा रहेको बाँकेको बैजनाथ गाउँपालिका वडा नम्बर १ चिसापानीस्थित रारा माध्यमिक विद्यालय यतिबेला चिटिक्कै देखिन्छ ।

पानी चुहिएर हैरान बनाउने पुराना जस्ताका पाताहरू हटाएर नयाँ जस्तापाता राखिएपछि उक्त विद्यालयका विद्याथीहरू पनि यतिबेला मख्ख छन् ।

शौभाग्य शाह फाउण्डेशनले नेपाल बाल सहायता संघको सहकार्यमा रारा माध्यमिक विद्यालयको भवनलाई नयाँ जस्तापातासँगै रंग लगाएर चिटिक्क पारिदिएको छ । जुम्लामा जन्मिएका डा.शौभाग्य शाहको १५ वर्षअघि हृदयघातबाट निधन भएको थियो । उनको निधनपश्चात उनका परिवारले शौभाग्य शाहको शिक्षा क्षेत्रलाई माथि उठाउने सपनालाई साकार बनाउँदै आएका छन् ।

उनै स्वर्गीय शाहको सम्झनामा स्थापना भएको फाउण्डेशनले विभिन्न सामाजिक कार्यहरू गर्दै आएको छ । त्यसैअनुरुप रारा माध्यमिक विद्यालयलाई करिव १३ लाख रुपैयाँ बराबरको भौतिक पूर्वाधार तथा खेल सामाग्री सहयोग गरेको हो । विद्यालय पुनःनिर्माण, खेलकुद सामाग्री वितरण तथा अभिभावक भेला कार्यक्रमको अवसर पारेर फाउण्डेशनले मर्मत गरेको विद्यालय भवनहरूको सबैले अवलोकन गरेका थिए । भवनहरू अवलोकनपश्चात विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावकलगायत स्थानीयबासीहरू खुसी देखिन्थे । पानी पर्ने समयमा भिजेर पढ्नुपर्ने र पढाउनुपर्ने बाध्यता हटेपछि विद्यार्थीका साथै शिक्षकहरू पनि खुसी भएका छन् । आफ्ना छोराछोरीलाई पानी परेको समयमा स्कुल पठाउँदा भिजेर कसरी पढ्लान् भन्ने अभिभावकको चिन्ता पनि अब हटेको छ ।

फाउण्डेशनका अध्यक्ष अनुप विक्रम शाहले पानी चुहिएर पठनपाठनमा असर परेको देखेपछि सहयोग गरेको बताए । विद्यालयको ३ वटा भवनमा जस्तापातासहित रंगरोगन गरिएको छ । रारा माध्यमिक विद्यालयको भवनहरू पहिलेदेखि नै भएपनि उचित मर्मत संभारको अभावमा बर्खायाममा पानी चुहिने समस्या थियो अध्यक्ष शाहले भने,'हामीले अहिले सबै मर्मत गरेर विद्यार्थीहरूलाई सहज बनाउने प्रयास गरेका छौं ।'

बैजनाथ गाउँपालिका वडा नम्बर १ का वडाअध्यक्ष रुपबहादुर मल्लले शौभाग्य शाह फाउण्डेशनले विद्यालयलाई गरेको सहयोगले विद्यार्थीहरूलाई पठनपाठनमा सहज हुने बताए । विद्यालय पुनःनिर्माण, खेलकुद सामग्री वितरण तथा अभिभावक भेलाका प्रमुख अतिथिसमेत रहेका वडाअध्यक्ष मल्लले फाउण्डेशनले गरेको सहयोगलाई बिर्सन नसकिने भन्दै प्रशंसा गरे ।

विद्यालयका प्रधानाध्यापक मानबहादुर खड्काले फाउण्डेशनले रारा माध्यमिक विद्यालयलाई लगाएको गुण सधैं सम्झिरहने बताए । उनले पढ्न लेख्नसमेत कठिन हुने गरेको विद्यालयको मुहार फेरिएको भन्दै खुसी व्यक्त गरे । उक्त कार्यक्रममा शौभाग्य शाह फाउण्डेशनका संरक्षक विनित शाहसहित पदाधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिर्ख रोकाय, अभिभावक संघका अध्यक्ष लोकबहादुर रोकाय, शिक्षक, अभिभावक, स्थानीय समाजसेवी लगायतको उपस्थिति थियो ।

फाउण्डेशनले यसअघि पनि बाँकेको बैजनाथ-१ मै रहेको सुर्योदय माविमा पनि कम्प्युटर, ल्यापटप, बास्केटबल र भलिबल कोर्ट, खेलकुद सामाग्रीसहित करिव १५ लाख रुपैयाँ बराबरको सहयोग गरेको थियो । अध्यक्ष शाहका अनुसार फाउण्डेशनले विभिन्न जिल्लामा गरेर करिव एक दर्जन विद्यालयमा भौतिक पूर्वाधारसहित शैक्षिक र खेलकुद क्षेत्रमा सहयोग गरिसकेको छ ।

फाउण्डेशनले स्वर्गीय डा.शाहले यसअघि प्रकाशन गरेका विभिन्न पत्रिकाका लेखहरूलाई पुनःप्रकाशन गर्ने योजनासमेत बनाएको छ । स्वर्गीय डा.शाह प्रसिद्ध मानवशास्त्री हुन् ।

# नेपाल कफी फेस्टिभल एन्ड च्याम्पियनसिप, २०८१ आयोजना हुँदै




**काठमाडौं/मस –** नेपाल कफी व्यवसायी महासंघले नेपाली कफीको गुणस्तर, उत्पादन क्षमता र बजार विस्तारका लागि 'नेपाल कफी फेस्टिभल एण्ड च्याम्पियनसिप २०८१' आयोजना गर्ने भएको छ । यही चैत २१ देखि २३ गतेसम्म ललितपुरको सानेपा स्थित हेरिटेज गार्डेनमा सो फेस्टिभल आयोजना हुने भएको हो । कफी उद्योगको मूल्य शृङ्खला अनुरूप कार्य गर्ने सम्पूर्ण सरोकारवालाहरूलाई अवसरहरूको खोजी गर्न, ज्ञान बाँडन र नेपालको कफी क्षेत्र विकास प्रर्वद्धन गर्न, एकीकृत गर्ने यो एउटा महत्वपूर्ण कार्यक्रम भएको महासंघले जनाएको छ ।

कफीको आन्तरिक एवं बाह्य बजार प्रवर्द्धन, कफी क्षेत्र विकास प्रवर्द्धन, उद्यमी व्यवसायीको आफ्ना उत्पादनहरू, सेवाहरूको प्रर्दशनी, कफीको राष्ट्रिय विधागत प्रतिस्पर्धा र पुरस्कार (क्याफे वारिस्ता, लाते आँट र ब्रुइङ्ग) लगायतका विषयमा रहेर फेस्टिभल आयोजना गरिएको आयोजकले जनाएको छ । साथै, कफीको मूल्य शृङ्खला अनुरूप विविध विषयका वर्तमान अवस्था र वस्तुस्थितिलाई सम्बोधन हुने गरी लगानीमैत्री वातावरण तय गर्दै सरोकार सम्वद्ध सम्पूर्ण मन्त्रालयहरू, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रसँग सहकार्य एवं समन्वय गरी सो कार्यक्रमको आयोजना गर्न लागिएको महासंघका महासचिव सन्तोष पोखरेलले जानकारी गराए ।

नेपाल कफी फेस्टिभल एण्ड च्याम्पियनसिप २०८१ नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, नेपाल पर्यटन बोर्ड, युरोपियन युनियन तथा कफी क्षेत्र उद्योग सम्बन्धित व्यवसायीहरूको सहकार्य एवं समन्वयमा आयोजना हुन लागेको हो । फेस्टिभलमा कफी प्रदर्शनी, कफीको स्वाद र प्रतियोगितासँगै यस क्षेत्रमा लाग्नेहरूको लागि नेटवर्किङ अवसर समेत सो फेस्टिभलका मूख्य आर्कषणहरू रहने आयोजकले जनाएको छ । महासंघकाअनुसार सो फेस्टिभलले नेपालको कफी उत्पादनलाई बढावा दिने, नेपाली कफीको अन्तर्राष्ट्रिय मान्यतालाई बलियो बनाउने र कफी उत्पादन क्षेत्रमा आर्थिक विकास र सामाजिक उत्थानका लागि अवसरहरू सिर्जना गर्ने छ ।

# इदको अवसरमा शुभकामना आदान-प्रदान



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १९ चैत

इद पर्वको अवसरमा रौतहटमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका उपरीक्षक दिलीप घिमिरे, प्रहरी निरीक्षक उमाशंकर गुप्तासहित स्थानीय बुद्धिजीवीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

समुदाय-प्रहरी सम्बन्धलाई अझै मजबुत बनाउने तथा आपसी सद्भाव बढाउने उद्देश्यले आफुहरु कार्यक्रममा सहभागी भएको प्रहरी उपरीक्षक घिमिरेले बताए । कार्यक्रममा घिमिरेले आफ्नो १२ महिने कार्यकाल पूरा गर्न लाग्दा रौतहटमा शान्ति सुरक्षामा महत्वपूर्ण सुधार आएको पनि बताए ।

राजपुर नगरपालिका वडा ५ स्थित मद्रसा महमुदियाको व्यवस्थापन समितिका अध्यक्ष मौलाना खुर्सिद आलम, उपाध्यक्ष साह महमद, प्रधानाध्यापक मुफती ममताज आलम तथा स्थानीय व्यक्तिहरूले प्रहरी उपरीक्षक घिमिरेलाई इद मिलनमा भव्य स्वागत गरेका थिए ।

## बीमालेख हराएको सूचना

मिति २०८१/११/०४ गतेका दिन रातोपुलबाट पुतली सडक जाँदा मेरो लाईफ इन्स्योरेन्स कर्पोरेशन 'नेपाल' लि. को बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

**नामः शशिरानी रेग्मी**
**बीमालेख नं : ११००१६१६२**
**ठेगानाः रातोपुल, काठमाडौं**
**सम्पर्क नंः ९८४१४२४३५३**

## युएईमा रोजगार

कम्पनीः AL AHWAL AL JAYEDAH TECH. CONT. LLC — शहरः SHARJAH
पूर्व स्वीकृत मितिः २०८१/१२/१७ — चलानी नं.: ६०२३५५४० — L.T. No.: 321386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Air-condition Technician | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician (Wiring Electrician Assistant) | 9 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

कम्पनीः MULTI LINKS TECHNICAL SERVICES CO. LLC — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१२/१७ — चलानी नं.: ६०२३५५३९ — L.T. No.: 321387

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant AC Technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Assistant | 3 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 3. | Plumber Assistant | 3 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 4. | AC Mechanic | 3 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TIMS — श्रम इजाजत नं. ४५८/०६८/६९
Talent International Management Service Pvt. Ltd.
कलंकी-१३, काठमाण्डौ, नेपाल (Near Dristi eyes hospital)
E:mail: timss@yahoo.com, Web.: www. timssnepal.com
Tel number:- 015234603 | 9851093570, 9840874805, 9842004081, 9813304725

## VACANCY ANNOUNCEMENT

China Greatwall Health Center (Hospital) Pvt. Ltd. required national and International candidates having knowledge of following expertise:

**Doctor - 2 Surgeon (Colorectal/Urology)**
**Expertise of Candidates:-**

- At list 10 Years work experience of Related field.
- Registered in his/her country of Medical council.
- Only Expert candidates can be apply.
- Selected candidates will be inform.

**Deadline of submission of Application is 17th April 2025.**

**E-mail : greatwallchina0@gmail.com**

## मालपोत कार्यालय टीकापुरबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/१२/२०**

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली जानकी गा.पा. वडा नं. ९ बस्ने हिरा देवी बिष्ट, दान बहादुर बिष्ट, बिमल सिंह बिष्ट, प्रेम सिंह बिष्ट, कुमार सिंह बिष्ट र धुर्ब सिंह बिष्टका नाममा रहेको जिल्ला कैलाली पथरैया गा.वि.स. प्लट नं. १ कि. नं. ५७ क्षेत्रफल १-१६-७-० जग्गाको मोठ श्रेष्ता नभएको र जग्गा धनी दर्ता प्रमाण पुर्जामा ज.ध.को तिन पुस्ते ना.प्र.नं. जारी मिति जारी जिल्ला फोटो टाँस समेत उल्लेख नभएको र १ (एक) जना ज. ध. धुर्ब बिष्टको मिति २०७६/२/१० मा मृत्यु भएकोले निजको मृत्यु पछिको हकदार निजको नजिकको हकदारमा ज.ध. को १ एक मात्र पत्नी निर्मला बुढाथोकी मात्र भएकोले ज. ध. धुर्ब बिष्ट समेत ६ (छ) जनाका नाममा रहेको जिल्ला कैलाली पथरैया गा.वि.स. प्लट नं. १ कि. नं. ५७ क्षेत्रफल १-१६-७-० जग्गा हाम्रो नाममा श्रेष्ता कायम गरी संयुक्त नामसारी गरी पाउँ भनी ज. ध. दर्ता प्रमाण पूर्जाको सक्कल, चालु आ.व.को मालपोत तिरेको रसिद मोठ फाँटबाट उतारमा छैन रोक्का छैन भनि मोठ भीडेको, नाता प्रमाणीत प्रमाण प्रत्र, मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, नापी कार्यालयको चं. न. १५०२ मिति २०८१/१२/१३ को फिल्डबुक नक्सा प्लटरजिष्टर जानकी गा.पा ९ नं. वडाको च. नं. १९७४ मिति २०८१/१२/११ को श्रेष्ता कायम गरी संयुक्त नामसारी गरी दिने सर्जमिन मुचुल्का सिफारिस तीन पुस्ते प्रमाणीत सिफारिस सहित यस कार्यालयमा मिति २०८१/१२/७ द. नं. ११०६० मा ज.ध.हरु समेत मृतकको पत्नी निर्मला बुढाथोकीले निवेदन दिएकोले जिल्ला कैलाली पथरैया गा.वि.स. प्लट नं. १ कि. नं. ५७ क्षेत्रफल १-१६-७-० जग्गा निवेदकका नाममा श्रेष्ता कायम गरी तीनपुस्ते ना.प्र.नं. जारी मिति जारी जिल्ला र फोटो टाँस समेत गरि निवेदकका नाममा संयुक्त नामसारी गरी जग्गा धनी दर्ता प्रमाण पत्र उपलब्ध नगर्नु पर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स-प्रमाण सहित हकदाबी गर्न आउनु होला, अन्यथा ऐन कानून बमोजिम निवेदक ज.ध. हिरा देबी बिष्ट, दान बहादुर बिष्ट, बिमल सिंह बिष्ट, प्रेम सिंह बिष्ट, कुमार सिंह बिष्ट, र निर्मला बुढाथोकीका नाममा श्रेष्ता कायम गरी संयुक्त नामसारी दा.खा भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## Great Job

**Job Title: Proactive Support Expert – mSupply Software**
**Location:** Kathmandu
**Type:** [Full-Time/Contract]
**Experience:** 2+ years with mSupply in low-income countries

**About the Role:**
We seek an mSupply expert to support national health supply chains in low-income settings, ensuring smooth system operation to improve medicine availability.

**Key Responsibilities:**
1. Analyze supply chain data to identify gaps and optimize workflows.
2. Monitor system performance, report bugs, and collaborate with developers.
3. Develop tools to scale support for future teams.

**Requirements:**
1. 2+ years' mSupply experience in low-income countries (health/NGO logistics).
2. Skilled in training users and troubleshooting workflows.
3. Familiarity with LMIS, DHIS2, and geospatial data.
4. Strong English communication plus conversational in French
5. Proactive problem-solver.

**Why Apply?**
Impact millions by strengthening health supply chains, and be part of a team that is committed to making the world a better place..

**To Apply:** Send CV and cover letter to **jobs@sussol.net** by 15th April 2025.

sustainable solutions

## ६८ औं राष्ट्रिय सहकारी दिवस

को अवसरमा सम्पुर्ण सहकारीकर्मीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.**
Five Star Saving & Credit Co-operative Ltd.
E-mail: 5starsahakari@gmail.com

**गोरखा मीलेनियम बहुउद्देश्यीय सहकारी संस्था लि.**
GURKHA MILLENNIUM MULTI-PURPOSE CO-OPERATIVE LTD.
Govt. Regd. No. 679/057/058 PAN No. 300583843
Minbhawan, New Baneshwor
Kathmandu, Nepal
Phone: 014622883, 4622844,4621137
Email: info@gurkhaml.com
Website: www.gurkhaml.com

**अर्थ जीवन दृष्टि बचत तथा ऋण सहकारी संस्था लि.**
केन्द्रिय कार्यलयः महालक्ष्मी प्लाजा
कालीमाटी, काठमाडौं
फोनः ०१-५६७२५४३

**खोटाङ्ग जलेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.**
बु.न.पा. - १०, रुद्रमतीचोक, कपन
फोनः ०१-४८२३०७०

**Parawartan Multipurpose Co-operative Ltd.**
Hadigaun, Kathmandu
Ph.: 01-4519992

**किसान बहुउद्धेश्यीय सहकारी संस्था लि.**
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha , Kailali
Tel. No.: 091-540426/540450 Fax no.: 540103
Email : info@kisancoop.com.np
Web : www.kisancoop.com.np

**हाम्रो सहयोग बचत तथा ऋण सहकारी संस्था लि.**
असन, काठमाडौं
फोनः ०१-५३५४३४६

**श्री कलंकी माई बचत तथा ऋण सहकारी संस्था लि.**
धर्मपथ-२३, न्युरोड, काठमाडौं
फोनः ०१-५३२२६६५, ५३२२७२७

**NAVAJEEVAN CO-OPERATIVES LTD.**
Dhangadi, Kailali, Ph.: 091-520283

**Janasachetan Saving and Credit Cooperative Society Ltd.**
Address : Baiteshwor Rural Municipality, Ward No. 5,
Mainapokhari, Dolakha
Phone : 049-411004, 4110005
Email : info@janasachetan.org.np

मध्यान्ह
www.madhyanhadaily.com
२० चैत २०८१ बुधबार
2 April 2025, Wednesday

## सम्पादकीय

# प्रधानमन्त्रीले उठाउनुपर्ने एजेन्डा

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल खाडीको प्रयास (बिमस्टेक)को छैटौं शिखर सम्मेलनका लागि प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको टोली थाइल्यान्ड पुगेको छ । नेपालको ब्यापारिक तथा आर्थिक विकासका निम्ति यो फोरम आफैंमा महत्त्वूर्ण छ किनकि यसले बिमस्टेकका सदस्य राष्ट्रहरू नेपाल, भारत, भुटान, बंगलादेश, म्यानमार, श्रीलंका र थाइल्यान्डबीच एकापसमा सहकार्यमा सहयोग गर्छ । बिमस्टेकको यो सम्मेलनलाई नेपालले निकै चासोका साथ हेरेको छ । सम्मेलनसँगै साइडलाइन बैठकहरू उपलब्धिपूर्ण हुने ठानिएको छ । विशेषगरी दक्षिण छिमेक भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र भारतका अरू मन्त्रीहरूसँग साइडलाइन बैठक हुन सक्ने अनुमान गरिएको छ । यसअघि पनि प्रधानमन्त्री ओलीले समकक्षी मोदीसँग यस्तै फोरममा साइडलाइन सम्वाद गरेका थिए ।

संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका जाँदा प्रधानमन्त्री ओली र समकक्षी मोदीबीच साइडलाइन वार्ता भएको थियो । त्यो साइडलाइनपछि अर्को भेटवार्ता हुन सकेको छैन बरू प्रधानमन्त्री ओलीले उत्तरी छिमेक चीनको भ्रमण गरिसकेका छन् । सत्तारूढ नेताहरू र प्रधानमन्त्री ओलीले भारत भ्रमणको अनेक प्रयत्न गरिरहेका छन् तर संभव हुन सकिरहेको छैन । त्यसै भारत हाबी रहेको बिमस्टेकको सम्मेलनमा साइडलाइन वार्तामार्फत सम्बन्ध सुधारको उद्देश्य नेपालका तर्फबाट लिइएको बुझ्न सकिन्छ । सरकारले छिमेक सम्बन्ध सुधारका निम्ति त्यस्तो पहलकदमी लिनुलाई स्वाभाविक रूपमै लिनुपर्छ । छिमेक सम्बन्धमा तिक्तता राखेर दुवै देशको हित हुन सक्दैन ।

तर, प्रधानमन्त्री ओलीले बिमस्टेक शिखर सम्मेलनमा भाग लिइरहँदा र साइडलाइन वार्ताहरूमा मुलुकको हितलाई सर्वोपरी राख्नुपर्छ । देशको अहित हुनेगरी नेपालको सरकार टिकाउने उद्देश्य राखेर कुनै पनि सहमति अथवा सम्झौता गरिनु हुन्न । प्रधानमन्त्री ओलीको राष्ट्रवादी छबिलाई उँचो राख्नेगरी भेटवार्ताहरू गरिनुपर्छ । सँगै यो सम्मेलनका क्रममा प्रधानमन्त्री ओलीले सार्क सम्मेलनबारे पनि विषय उठाउनु उचित हुन्छ । दक्षिण एसियाली देशहरूको क्षेत्रीय संगठन सार्कको नेपाल पहलकर्ता मुलुकसमेत हो । त्यसैले, प्रधानमन्त्री ओलीले सार्क सम्मेलनलाई निरन्तरता दिने प्रसंग उठाउनु दायित्व पनि हो । भारतले सार्कप्रति अरूचि देखाउने गरेको छ । विशेषगरी उसको पाकिस्तानसँगको सम्बन्धका कारण सार्कलाई ओझेलमा पार्ने प्रयास भइरहेको छ । तर, क्षेत्रीय मुलुकहरूबीचको सम्बन्धलाई बलियो बनाउन पनि सार्क सम्मेलन नियमित गरिनुपर्छ । बिमस्टेककै कारण सार्क ओझेलमा पारिनु हुन्न ।

# विदेशी सम्बन्धनको शिक्षा

*ठूलो संख्यामा नेपाली विद्यार्थी अध्ययनका लागि बिदेसिए भनेर चिन्ता गरेर मात्र हुँदैन, तिनलाई यहीं तिनले चाहेको शिक्षा आर्जन र आय आर्जनको अवसर दिन राज्यको सरोकारवाला निकाय प्रतिबद्ध हुनुपर्छ...*

अग्रलेख



● रत्न प्रजापति

शैक्षिक उन्नयनका क्रममा विश्वमा नयाँनयाँ विषय र नयाँनयाँ शिक्षण पद्धतिहरूको विकास भएको छ । ज्ञानमा आधारित शिक्षामा रूपान्तरण भएर अहिले सीपमा आधारित शिक्षालाई प्राथमिकता दिन थालिएको छ । अहिलेको जमानामा व्यावसायिक दक्षता नभई आफूलाई प्रतिस्पर्धीको रूपमा उभ्याउन सम्भव हुँदैन ।

यही यथार्थलाई मनन गर्दै अहिलेको शिक्षाले प्राविधिक सीप, व्यावसायिकता अथवा उद्यमशीलतालाई जोड दिन थालेको हो । जहाँ समस्या छ, त्यहाँ अवसर पनि छ भन्ने कुरा अहिलेको शिक्षाले सिकाउँछ ।

सूचना, संचार र प्रविधिको विकासले संसारमा छोटो समयमै रूपान्तरणकारी परिवर्तन भइरहेको छ । पछिल्लो समय कृत्रिम बौद्धिकतासम्म आइपुग्दा मानिसले अकल्पनीय परिवर्तनको अनुभव साँच्ने अवसर पाएको छ । यो अवसर अहिलेको सूचना प्रविधिमा आधारित शिक्षाले नै दिएको हो ।

त्यसैले, पछिल्लो समय विद्यार्थीहरूको आकर्षण पनि सूचना प्रविधिमा आधारित शिक्षामै बढेको छ । जुन शिक्षाले जीवनलाई स्वावलम्बी र स्वाभिमानी अनि जीवनयापनलाई सहज र सरल बनाउँछ, त्यसैमा विद्यार्थीहरूको आकर्षण बढेको छ ।

त्यस्तै शिक्षाको खोजीमा विद्यार्थीहरू विकसित देशका ख्यातिप्राप्त कलेज र विश्वविद्यालयहरूमा पुग्ने प्रयत्नमा छन् । तर, गरिब देशका विद्यार्थीका लागि त्यस्ता ख्यातिप्राप्त कलेज र विश्वविद्यालयसम्मको पहुँच निकै दुर्लभ छ र दुसाध्य छ । त्यस्तै, शिक्षा आफ्नै देशमा प्राप्त भए हुन्थ्यो भन्ने आकांक्षीहरूको संख्या बढिरहेको छ ।

सम्भवतः विद्यार्थीहरूको त्यस्तो आकांक्षालाई बुझेका र आफ्नै देशमा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचलित शिक्षा र शिक्षण पद्धतिलाई अपनाउन लालायित शिक्षाकर्मीहरूले आफ्नै देशमा त्यस्तो अन्तर्राष्ट्रिय गुणस्तरको समयानुकूल नवीन शिक्षाको अवसर दिने प्रयास गर्दै आएका छन् ।

नेपालमा पनि पुरानो सरकारी त्रिभुवन विश्वविद्यालय र अरू केही विश्वविद्यालयहरूले प्रदान गर्दै आएको शिक्षा र शिक्षण पद्धतिभन्दा फरक खालको शिक्षा प्रदान गर्ने उद्देश्यले गुणस्तरीय शिक्षाका लागि समर्पित केही कलेजहरूले ख्यातिप्राप्त विदेशी विश्वविद्यालयहरूको सम्बन्धनमा नेपालमै अन्तर्राष्ट्रिय गुणस्तरको शिक्षा प्रदान गर्ने प्रयास गर्दै आएका छन् ।

एक समय नेपालमा त्यसरी विदेशी विश्वविद्यालयहरूको सम्बन्धनमा विभिन्न शैक्षिक कार्यक्रम संचालन गर्ने कलेजहरूको संख्या झन्डै ९० को हाराहारीमा थियो । तर, सरकारले विदेशी विश्वविद्यालयको सम्बन्धनमा संचालित शैक्षिक कार्यक्रममाथि सधैं अंकुश लगाउने मनशायले मात्र नियमन र अनुगमन गर्दै आयो । यो परिपाटीले गर्दा अहिले विदेशी विश्वविद्यालयको सम्बन्धनमा शैक्षिक कार्यक्रम संचालन गर्ने कलेजहरूको संख्या ५९ मा खुम्चिन पुगेको छ ।

यसले विदेशी विश्वविद्यालयको सम्बन्धनमा संचालित शैक्षिक कार्यक्रमप्रति सकारात्मक दृष्टिकोणको खाँचो रहेको देखिन्छ ।

विदेशी विश्वविद्यालयको सम्बन्धनमा अन्तर्राष्ट्रिय गुणस्तरको शिक्षा र शिक्षण पद्धति अपनाएका कलेजहरूलाई सरकारले प्रबर्द्धन गर्नुको साटो सधैं अंकुश लगाउने मनशायले मात्र काम गर्दा एकातिर त्यस्ता कलेज संचालनमा विभिन्न नीतिगत समस्याहरू देखिएका छन् भने अर्कातिर त्यस्तै शिक्षाका लागि नेपाली विद्यार्थीहरू धमाधम बिदेसिन थालेका छन् ।

नियमन सँगसँगै सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने सरकारी निकाय नियमनकर्ताको भूमिकामा बढी हाबी हुँदा विदेशी विश्वविद्यालयको सम्बन्धनमा संचालित कलेजहरूले अनावश्यक हैरानी मात्र खेपिरहेका छन् ।

एकातिर देशमा बेथितिहरूको विकास गरेर नेपाली युवा देशमा टिक्नै नसक्ने अवस्था सिर्जना गर्ने र अर्कातिर धेरै नेपाली विद्यार्थी अध्ययनका लागि बिदेसिए भनेर चिन्ता गर्ने परस्पर विरोधी क्रियाकलापले नेपाली विद्यार्थीहरूको बहिर्गमनलाई रोक्न सक्दैन ।

राज्यले नेपाली युवाको मनमा चरम निराशा जगाएको छ । राज्यप्रति आशा र भरोसा जगाउने कुनै काम गर्न सकेको छैन अथवा गर्न चाहेको छैन । त्यसैको परिणाम हो बढ्दो युवा पलायन । नेपाली केवल शिक्षाका लागि बिदेसिएका होइनन्, अवसरका लागि पनि हो । राज्यले युवाले खोजेजस्तो शिक्षा र अवसर नदिँदा अधिकांश युवा देश छाड्ने योजनामा छन् । उनीहरूको सपना-विपना देश छाड्नु भएको छ । कन्सल्टेन्सी र एम्बेसी धाउने युवाको लर्कोले यही कुराको संकेत गरिरहेको छ ।




अध्यागमन विभागको तथ्यांकले सन् २०२४ मा कुल १६ लाख ७४ हजार २२५ नेपाली नागरिक विभिन्न उद्देश्यले विदेश गएका देखाएको छ । त्यसमध्ये अध्ययनका लागि बिदेसिनेको संख्या १ लाख १९ हजार ४०९ छ । सबैभन्दा चिन्ताको विषयचाहिँ देशका ठूलो संख्यामा योग्य, दक्ष र प्रतिभाशाली नेपाली युवाले सधैंका लागि देश छाड्नु रहेको छ ।

सन् २०२४ मा ६६ हजार ८३५ यस्ता युवाले सधैंका लागि देश छाडेका छन् । अघिल्लो वर्ष अर्थात् सन् २०२३ मा पनि १६ लाख ३ हजार ८३६ नेपाली नागरिक विभिन्न प्रयोजनले बिदेसिएका थिए । तीसमध्ये रोजगारीमा जानेको संख्या ८ लाख ८ हजार ४१५ थियो भने अध्ययनका लागि जानेको संख्या १ लाख ८ हजार ५४२ थियो । यसैगरी सधैंका लागि देश छाडेर विदेशमा स्थायी बसोबासका लागि जानेहरूको संख्या ७० हजार ९१५ थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्यांकले आर्थिक वर्ष २०७८/०७९, २०७९/०८० र २०८०/०८१ मा विदेशमा अध्ययनका लागि अनुमतिपत्र लिने विद्यार्थीको संख्या क्रमशः १ लाख १४ हजार ४२९, १ लाख १० हजार २१७ र १ लाख १२ हजार ५९३ रहेको देखाएको छ । यति ठूलो संख्यामा नेपाली विद्यार्थी अध्ययनका लागि बिदेसिएपछि नेपालका विश्वविद्यालयहरूमा विद्यार्थीको खडेरी पर्नु अस्वाभाविक होइन ।

सोचनीय विषय के हो भने, नेपाली विद्यार्थी सँगसँगै ठूलो परिमाणको रकम पनि बिदेसिएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/०७९ मा ६७ अर्ब ७० करोड रुपैयाँ बाहिरिएको थियो भने आर्थिक वर्ष २०७९/०८० मा १ खर्ब ४२ करोड रुपैयाँ शिक्षाका लागि बाहिरिएको थियो ।

यसैगरी आर्थिक वर्ष २०८०/०८१ मा १ खब २५ खर्ब १३ करोड रुपैयाँ बाहिरिएको थियो । चालू आर्थिक वर्ष २०८१/०८२ को ७ महिनामा शिक्षाका लागि ६४ अर्ब १५ करोड रुपैयाँ बाहिरिएको छ । यसरी शिक्षाका लागि बाहिरिने विद्यार्थी सँगसँगै बाहिरिने रकममा पनि क्रमशः वृद्धि भइरहेको छ

विदेशी विश्वविद्यालयको सम्बन्धनमा संचालित कलेजहरूले सम्बन्धन शुल्कका रूपमा धेरै विदेशी मुद्रा बाहिर पठाए भनेर विदेशी मुद्रा सटहीको स्वीकृतिमा सधैं कडाइ गर्ने सरकारी निकायले तिनै विद्यार्थीलाई नेपालमै पढ्ने, कमाउने र रमाउने अवसर दिने वातावरण निर्माणको कामचाहिँ किन कडाइका साथ गर्न/गराउन सक्दैन ? यो अहिलेको अहं प्रश्न हो ।

सूचना र प्रविधिको संजाल सँगसँगै शिक्षाको संजाल पनि विश्वव्यापी रूपमा फैलिएको छ । यही संजालले गर्दा संसारका विकसित मुलुकहरूका उत्कृष्ट विश्वविद्यालयले प्रदान गर्ने उत्कृष्ट गुणस्तरको शिक्षा अरू विकासशील र कम विकसित मुलुकहरूमा प्राप्त गर्न सहज भएको छ । सूचना र प्रविधिको संजाल विस्तारजस्तै यो शिक्षाको संजालको विस्तारलाई पनि अब कसैले चाहेर पनि रोक्न सक्दैन ।

यदि कसैले बदनियपूर्वक त्यसलाई रोक्न खोज्छ भने त्यो धृष्टता प्रत्युत्पादक बन्ने निश्चित छ । अतः वैश्विक शिक्षाको लहरलाई विस्तार हुन दिनुपर्छ । त्यो लहरमा आफूलाई पनि समाहित गर्नुपर्छ ।

देशमा शिक्षाको विकासमा महत्त्वपूर्ण योगदान गरिसकेका कलेजहरूले पनि अहिले स्वदेशी सँगसँगै विदेशी विश्वविद्यालयको सम्बन्धनमा उत्कृष्ट शैक्षिक कार्यक्रमहरू संचालन गरिरहेका छन् । नेपालमै पहिलो पटक निजी क्षेत्रबाट सन् १९९७ मा व्यवस्थापन संकायको स्नातक तह (बीबीए) कार्यक्रम संचालन गर्ने काठमाडौं कलेज अफ म्यानेजमेन्ट (केसीएम)देखि पछि खुलेका ब्रिटिस इन्टरनेसनल कलेज, एस इन्टरनेसनल बिजिनेस स्कुल, इस्लिंगटन कलेज, हेराल्ड इन्टरनेसनल कलेज, किंग्स कलेजलगायत अरू धेरै कलेजहरूले विदेशी विश्वविद्यालयको सम्बन्धनमा विभिन्न शैक्षिक कार्यक्रम संचालन गरिरहेका छन् । त्यहाँ हजारौं विद्यार्थीहरूको आकर्षण पनि छ । स्वदेशमै पढेर विदेशी डिग्री पाउने अवसरलाई महत्त्वका साथ हेरिनुपर्छ ।

विदेशी विश्वविद्यालयको सम्बन्धनमा संचालित शैक्षिक कार्यक्रमका उत्पादनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रोजगार बजारमा आफूलाई बिकाउन र टिकाउन पनि सफल छन् । विदेशी विश्वविद्यालयको सम्बन्धनमा संचालित शैक्षिक कार्यक्रमहरूमा समयानुकूलता र गुणस्तर नभएको भए विद्यार्थीहरूले आजको प्रतिस्पर्धी रोजगार बजारमा आफूलाई बिकाउन र टिकाउन सम्भव हुने थिएन ।

त्यसैले, विदेशी विश्वविद्यालयका सम्बन्धनमा संचालित शैक्षिक कार्यक्रमहरूको गुणस्तरमा कुनै शंका गर्नुपर्दैन बरु तिनलाई हेर्ने र मूल्यांकन गर्ने सरकारी निकायमै खोट देखिन्छ ।

ठूलो संख्यामा नेपाली विद्यार्थी अध्ययनका लागि बिदेसिए भनेर चिन्ता गरेर मात्र हुँदैन । तिनलाई यहीं तिनले चाहेको शिक्षा आर्जन र आय आर्जनको अवसर दिन राज्यको सरोकारवाला निकाय प्रतिबद्ध हुनुपर्छ ।

सरकारी नियमनकारी निकायले कसैको स्वार्थ र प्रलोभनबाट प्रभावित नभई निष्पक्ष नियमन र अनुगमन गर्दै सहजकर्ताको भूमिका निर्वाह गरी विदेशी विश्वविद्यालयहरूको सम्बन्धनमा शैक्षिक कार्यक्रम संचालन गर्ने कलेजहरूको प्रवर्द्धन गर्न सहयोगी भूमिका निर्वाह गर्नुपर्छ । यसबाट केही हदसम्म नेपाली विद्यार्थी बिदेसिने लहरलाई कम गर्न सकिने छ । यसबाट मुस्किलले आर्जन भएको परिवर्त्य विदेशी मुद्रा सहजै बाहिरिनबाट जोगिने छ र देश युवाविहीन बन्नबाट पनि जोगिने छ ।

## इतिहासमा आज

२ अप्रिल १९२१ मा अल्बर्ट आइन्स्टाइनले न्युयोर्क शहरमा आफ्नो नयाँ 'सापेक्षताको सिद्धान्त'मा व्याख्यान दिएका थिए ।



२ अप्रिल १९२६ मा कलकत्तामा हिन्दु-मुस्लिम दंगा सुरु भएको थियो ।



२ अप्रिल १९३५ मा भौतिकशास्त्री रोबर्ट वाटसन-वाटले राडारका लागि पेटेन्ट प्राप्त गरेका थिए ।



२ अप्रिल १९७० मा मेघालय असम राज्यभित्र एक स्वायत्त राज्य बनेको थियो ।



# नागरिक निराशाको निकास के ?

विचार



● युवराज न्यौपाने

*आजको अवस्थाप्रति न सरकारको नेतृत्वकर्ता संवेदनशील छ, न त ठूला दल । आज एकले अर्कोलाई सिध्याउने र आफू कसरी थप बलियो भन्ने ध्याउन्नमा पनि राजनीतिक नेतृत्व लागेको छ, जसको प्रभाव निराशालाई प्रयोग गरी एउटा तह लाभ लिने ध्याउन्नमा देखिन्छ...*

यतिबेला नेपालको राजनीतिमा केही उथलपुथलकारी घटनाहरू देखिएका छन् । केही अहिलेको व्यवस्था भत्काउँदै भन्दै सडकमा उत्रिएका छन् भने केही जोगाउने भन्दै उत्रिएका छन् । यसले आमरूपमा ठूलो अन्योलको अवस्था बनाएको छ ।

मुलुक कता जाँदै छ ? अबको राजनीतिक परिस्थिति के होला ? के अहिले सतहमा देखिएका घटनाहरू सामसुम होलान् ?

वस्तुतः अहिलेको परिस्थितिलाई केलाउँदा नागरिकको मनोविज्ञानलाई ध्यान दिनुपर्छ । अहिले नागरिकहरू निराश अवस्थामा छन् । यो निराशाबाट मुक्ति चाहिरहेका छन् । यसको निकास के हो भन्ने प्रश्न नै अहिलेको समग्र विषय हो । यद्यपि, आजको अवस्थाप्रति न सरकार नेतृत्वकर्ता संवेदनशील छ, न त ठूला दल । आज एकले अर्कोलाई सिध्याउने र आफू कसरी थप बलियो भन्ने ध्याउन्नमा पनि राजनीतिक नेतृत्व लागेको छ, जसको प्रभाव निराशालाई प्रयोग गरी एउटा तह लाभ लिने ध्याउन्नमा देखिन्छ । यदि अहिलेको नेतृत्वले यसको निकास नखोजेमा मुलुकमा ठूलो सकस निम्तिन सक्छ ।

**किन निराश छन् जनता ?**

नागरिकहरूमा निराशा विभिन्न कारणहरूबाट उत्पन्न भएको छ । विशेषगरी आर्थिक, राजनीतिक र प्रशासकीय समस्या मुख्य देखिन्छन् । हरेक समाजमा नागरिकहरूको अपेक्षा हुन्छ कि सरकार उत्तरदायी, पारदर्शी र जनहितमुखी हुनेछ । तर, जब यी अपेक्षाहरू पूरा हुँदैनन्, तब निराशा जन्मिन्छ ।

आज नेपालमा आर्थिक संकट गहिरिँदै छ । महँगी बढ्नु, रोजगारीको अवसर सीमित हुनु र आय-व्ययको असन्तुलनले नागरिकहरूको जीवन कठिन बनाइरहेको छ ।

विशेषगरी युवाहरूलाई स्थायी रोजगारीको अवसर नहुनु, कृषि क्षेत्रमा लगानी नहुनु र व्यावसायिक वातावरण प्रतिस्पर्धात्मक नहुनुले आर्थिक निराशा बढाएको छ । आज युवाहरूलाई वैदेशिक रोजगारीमा जानुपर्ने अवस्था बाध्यकारी बनेको छ । राजनीतिक अस्थिरताले पनि नागरिकहरूलाई निराश बनाएको छ । बारम्बार सरकार परिवर्तन हुनु, नेताहरूको आश्वासन पूरा नहुनु, भ्रष्टाचार बढ्नु र प्रशासनिक सेवा प्रभावकारी नहुनुले आमजनतामा राज्यप्रति विश्वास कम गरेको छ ।

विगतका निर्वाचनहरूमा आशा बोकेर मतदान गर्ने नागरिकहरू अहिले राजनीतिक नेतृत्वबाट निराश छन् किनभने उनीहरूले देशको विकासभन्दा व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिएका अनुभव गरिरहेका छन् ।

सामाजिक न्यायको अभाव पनि नागरिक निराशाको कारण बनेको छ । शिक्षा, स्वास्थ्य र न्याय प्रणालीमा समान पहुँच नहुँदा नागरिकहरू असन्तुष्ट छन् । गुणस्तरीय शिक्षामा पहुँच सीमित छ, राम्रो उपचारका लागि महँगो शुल्क तिर्नुपर्छ र कानुनी प्रक्रियामा ढिलाइ हुँदा गरिब तथा मध्यम वर्गीय नागरिकहरू समस्यामा पर्छन् । सामाजिक असमानताले गर्दा कतिपय समुदायहरू अवसरबाट बञ्चित भइरहेका छन्, जसले निराशा थपेको छ ।

सँगै, आज प्रशासनिक अक्षमताले पनि नागरिकहरूलाई चरम निराश बनाएको छ । सरकारी सेवा प्रवाह ढिलो हुनु, अनियमितता बढ्नु र जनताको गुनासो सम्बोधन नहुनुले राज्यप्रति विश्वास घटाइरहेको छ । स्थानीय तहहरू सशक्त भए पनि कतिपय ठाउँमा सेवा प्रभावकारी छैन । सार्वजनिक कार्यालयहरूमा हुने ढिलासुस्ती र घुसखोरीका कारण नागरिकहरू आफ्नो अधिकार पाउन कठिनाइ भोगिरहेका छन् ।

युवाहरू विशेषगरी बढी निराश देखिन्छन् । उनीहरू राम्रो शिक्षा लिएर पनि उपयुक्त रोजगारी पाउन संघर्ष गरिरहेका छन् । अवसरहरूको अभावमा बिदेसिने प्रवृत्ति बढेको छ, तर विदेशमा पनि शोषण, असुरक्षा र न्यून पारिश्रमिकका कारण धेरै युवा निराश छन् । स्वदेशमै उद्यम गर्न चाहनेहरूलाई आवश्यक नीति, लगानी र अनुकूल वातावरण उपलब्ध नभएको गुनासो छ ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको नागरिक अपेक्षाहरू उच्च हुनु हो । सामाजिक संजाल र विश्वव्यापीकरणका कारण नागरिकहरू अन्य देशहरूसँग आफ्ना देशको अवस्था तुलना गर्छन् । विकसित मुलुकहरूसँग तुलना गर्दा नेपालको अवस्थाले धेरै नागरिकलाई निराश बनाउँछ । नागरिकहरूले सुधारको अपेक्षा राखे पनि परिवर्तनको गति सुस्त हुँदा उनीहरू असन्तुष्ट भइरहेका छन् ।

**निकास के ?**

नागरिक निराशाको एउटा कारण प्रणालीगत कमजोरी पनि हो । राजनीतिक दल, प्रशासन, न्यायालय तथा सुरक्षाका निकायहरू पारदर्शी र जबाफदेही नहुनुले विश्वास घटाएको छ । नीतिहरू राम्रा भए पनि कार्यान्वयन कमजोर हुँदा नागरिकहरूमा निराशा जन्मिन्छ । तर, निराशा मात्र हुनु समस्याको समाधान होइन ।

नागरिकहरू सचेत, सक्रिय र जिम्मेवार भएर आफ्ना अधिकार र कर्तव्यबारे जागरुक हुनुपर्छ । परिवर्तनका लागि निरन्तर आवाज उठाउनुपर्छ, सही नेतृत्व चयन गर्नुपर्छ र आफूले गर्न सक्ने सुधारका कामहरू गर्नुपर्छ । राज्यका समस्या गम्भीर छन् तर समाधान खोज्ने प्रयास निरन्तर रहनुपर्छ ।

नागरिक निराशा हटाउनका लागि सरकार, राजनीतिक दल, नीति निर्माताहरू तथा नागरिक समाज सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्छ । पारदर्शिता, जबाफदेहिता र जनताको सहभागितालाई प्राथमिकता दिँदा मात्र नागरिकहरूको विश्वास पुनर्स्थापित हुन सक्छ । जब सरकार प्रभावकारी, नेतृत्व उत्तरदायी र नीति व्यावहारिक बन्छ, तब नागरिकहरूको निराशा घट्दै जान्छ । त्यसैले, निराशालाई विकल्पको रूपमा नलिई समाधानको खोजी गर्नु नै बुद्धिमानी हुने छ ।

## सामाजिक सञ्जाल



वसन्त घिमिरे

अनि के 'अब जनता जाग्ने बेला आएको छ' भनेर भन्ने दुर्गा प्रसाईं जस्ता उद्दण्डलाई निर्मल निवासमै बोलाएर आन्दोलनको कमान्डर तोक्ने तपाईंहरूका 'राजा'ले आन्दोलनमा जनताले ज्यान गुमाउँदा दुःखसमेत व्यक्त गरेनन् त । कि जनताका राजाले त्यसो भन्नु हुँदैन ?




भीमार्जुन आचार्य

सरकारले तीनकुने घटनामा संलग्न केहीलाई गिरफ्तार गरेपछि आफ्नो काम सकिएजस्तो भान पार्न खोजेको देखिन्छ । बाटोमा फर्कंदै गरेको निहत्था नागरिकलाई गोली हानी मारेको भिडियो फुटेज सार्वजनिक भएका छन् । सरकारले अब आफ्नै गृह प्रशासनमाथि यो घटनाको छानबिन गरोस् ।



हरि रोका

संविधान खतरामा छ । यस्तो खतरा अवस्थामा एउटा कर्मचारी (एम. डी. विद्युत् प्राधिकरण) हटा'को कुरा गर्ने ? एउटा मास्टरको (त्रिवि उपकुलपति) कुरा गर्ने ? चिल आयो भनेर स्यालले कुखुरा सिध्याएझैं प्रम ओली नेतृत्वको गठबन्धन सरकारले लोकतान्त्रिक गणतन्त्रका सबै संवैधानिक तथा राजकीय आधार स्तम्भ सिध्याउने भए ।



सेतेमान तामाङ

राजतन्त्र पुनर्स्थापना गर्ने आन्दोलनका कमान्डर दुर्गाप्रसाद प्रसाईं भागेर फरार, निर्देशन दिने ज्ञानेन्द्र शाहले आफू संलग्न नभएको स्पष्टीकरण । आखिर उही रैती, दासीहरू नै रहेछन्, मर्ने र मार्ने । यी भूमिगतहरूले न रैती/दासीको संरक्षण र उपचार, न आन्दोलनको नेतृत्वको जिम्मा लिए ।

# राजदूत पौडेलद्वारा पोर्चुगलका राष्ट्रपति मार्सेलो समक्ष ओहदाको प्रमाणपत्र पेस

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १९ चैत



पोर्चुगलका लागि नवनियुक्त नेपाली राजदूत प्रकाशमणि पौडेलले पोर्चुगलका राष्ट्रपति मार्सेलो रेबेलो डी सौसासमक्ष ओहोदाको प्रमाणपत्र पेस गरेका छन्।

लिस्बनस्थित राष्ट्रपति भवन बेलेम प्यालेसमा सोमबार आयोजित एक समारोहबीच राजदूत पौडेलले राष्ट्रपति सौसासमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेस गरेका हुन्। ओहोदाको प्रमाणपत्र बुझाएपछि राजदूत पौडेलले राष्ट्रपतिसँग शिष्टाचार भेटवार्ता गरेका थिए। भेटवार्तामा नेपाल र पोर्चुगलबीचको द्विपक्षीय सम्बन्धलाई थप सुमधुर बनाउने तथा आपसी हित एवं सहयोग अभिवृद्धिबारे छलफल भएको लिस्बनस्थित नेपाली दूतावासले जनाएको छ।

सो अवसरमा पोर्चुगलका लागि नेपालको पहिलो राजदूतका रूपमा नियुक्त भएकोमा राजदूत पौडेललाई बधाई ज्ञापन गर्दै राष्ट्रपति सौसाले सफल कार्यकालको शुभकामनासमेत दिएका थिए। राजदूत पौडेलले राष्ट्रपति सौसालाई नेपालका राष्ट्रपति रामचन्द्र पौडेलको शुभकामना सन्देश सुनाउँदै पोर्चुगलका जनताप्रति नेपाल सरकारको सद्भावनाको शुभकामना व्यक्त गरेका थिए। भेटवार्ताका क्रममा दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ बनाउन, व्यापार, पर्यटनका साथै नेपाली र पोर्चुगिज नागरिकको सहजताका लागि नेपालमा पोर्चुगलको दूतावास स्थापनाका लागि राष्ट्रपतिसमक्ष आग्रह गरिएको राजदूत पौडेलले जानकारी दिए।

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/२०**

यस सा.व.उ.स.बाट संकलित खयर काठ ३७५.४४ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**भिरपानी सा. वन उपभोक्ता समूह,**
**म्याग्दे २ तनहूँ।**

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/२०**

यस सा.व.उ.स.बाट संकलित साल गोलिया काठ ५९५.७३ क्यु फिट र सादन गोलिया काठ ४०.७८ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**सुर्पती सा. वन उपभोक्ता समूह,**
**देवघाट २, तनहूँ।**

## भुलसुधार गरिएको बारे

**सूचना प्रकाशित मिति २०८१/१२/२०**

यस मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका काठमाडौंबाट प्रकाशित मिति २०८१/१२/१२ गतेको पत्रिकामा डिभिजन वन कार्यालय पहलमानपुर कैलालीको दरियाबुर्दी काठ/दाउरा संकलन सम्बन्धी सूचनामा काठ संकलन प्रति क्यु.फिट रु. १५१ र दाउरा संकलन प्रति चट्टा रु. १६१३१ हुनुपर्नेमा अन्यथा भएकोमा यसै सूचना मार्फत भुलसुधार गरिएको छ।

## यूएईमा रोजगार

कम्पनी : **ALY GABR TECHNICAL SERVICES LLC** — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/२८ — चलानी नं.: ६०२१४७७१ — LT. No.:299822 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 3. | Plumber | 5 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 4. | Stone Mason | 28 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**H.M.T. Overseas Pvt. Ltd.**
Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9842036587, 9869317171, 9847497631
9763228777, 9803515104, 9862504026, 9827685565, 9807322773, 9847497631, 9815604031

## युएईमा रोजगार

कम्पनी : **SI JI TECHNICAL SERVICES CO L.L.C.** — शहर: UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१२/१८ — चलानी नं.: ६०२३५५३५ — LT. No.: 321174

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Stone Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labour | 2 | 0 | | 900 | ३३,४३५ | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 4. | Plaster | 2 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**स्काई ब्रिज ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ११६६/०७३/०७४
फोन नं.: ०१-४५६९२७०, काठमाडौं, नेपाल
Email: skybridgeoverseas2017@gmail.com, सम्पर्क नं. : 9813022647, 9846194102, 9823607739

## युएईमा रोजगार

कम्पनी: **DULSCO L.L.C** — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/१८ — चलानी नं.: ६०२३५५४१ — LT. No.: 321393

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers (To Work as Porter) | 200 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Duty Driver | 50 | 0 | | 2600 | ९६,५९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८६४/०६६/०६७
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ०१-४९५१७३२, ४९६५८२६
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np
Mobile: 9801224170 | 9801224179 | 9801224520 | 9851195403 | 9801132374 | 9848034020 | 9841661558 | 9841216869 | 9801224172

## KUWAIT/UAE मा रोजगार

**1. United Gulf Construction, Kuwait**
पुन विज्ञापन, पूर्व स्वीकृती मिति:२०८१/०९/२१ — चलानी नं. : ६०२३०८७२ — LT No.: 316511

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Truck Driver | 18 | 0 | काममा दक्ष | 160 | ७०,९००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Road Vehicles Driver | 9 | 0 | | 200 | ८८,६००।- | | | | | | | |
| ३. | Bus Drivers | 19 | 0 | | 160 | ७०,९००।- | | | | | | | |
| ४. | Asphalt Roofing Labour | 20 | 0 | | 95 | ४२,१००।- | | | | | | | |
| ५. | Blacksmith Building | 15 | 0 | | 110 | ४८,९००।- | | | | | | | |
| ६. | Building Carpenter - General | 11 | 0 | | 110 | ४८,७००।- | | | | | | | |
| ७. | Mason/Brick Mason | 20 | 0 | | 110 | ४८,७००।- | | | | | | | |
| ८. | Sand Blasting Labours | 13 | 0 | | 95 | ४२,१००।- | | | | | | | |
| ९. | Store Labor | 30 | 0 | | 95 | ४२,१००।- | | | | | | | |

**2. Sevenhorses Technical Services L.L.C, UAE** — पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/११/१५ — चलानी नं. : ६०२३३६०९ — LT No.: 319431

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Worker/Labour | 45 | 0 | साधारण | 1200 | ४५,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता २०८१ चैत्र २७ गते (9 April, 2025) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ।**

**GULF EMPIRE COMPANY PVT. LTD.**
Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
मोबाईल : ९७०९०९४६४८, ९८२३२५७२७१, ९८०२३४८७७५
शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : gulf-empire.com

## UAE मा रोजगार

कम्पनी : **AL SAHRAA RECRUITMENT SERVICES UAE** — शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/१२/१९ — चलानी नं.: ६०२३५५४३ — LT. No.: 321436

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Carpenter - General | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 10 | 0 | | 1000 | ३७,१५० | | | | | | | |
| 3. | Mason For Tile / Marble | 20 | 0 | | 1200 | ४४,५८० | | | | | | | |
| 4. | Steel Fixer (Reinforce Fitter) | 10 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

कम्पनी : **SIBCA ELECTRONIC EQUIPMENT COMPANY LIITED-SOLE PROPRIETORSHIP LLC** — शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/१२/१८ — चलानी नं.: ६०२३५५१५ — LT. No.: 320981

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician (General) | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५९,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Wairing Electrician Assistant | 50 | 0 | | 1500 | ५५,७२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SGMC SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Contact No: 9851235143, 9803636760, 9841136727, 9869120271, 9844064089, 9840974007, 9841468330

# षडानन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दिङ्ला, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१९**

यस नगरपालिकाको कार्यालयबाट मिति २०८१/११/२६ गते E Bid माध्यमबाट प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार देहायको कार्य गर्नको लागि विद्युतीय खरिद प्रणाली (e-bidding) मार्फत प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्रको मूल्याङ्कन गर्दा तपसिलको शिलबन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | सफल हुने फर्म/कम्पनीको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर / PS सहित) |
|---|---|---|---|
| SM/SQ/G/ 04/2081/82 | Procurement of Medicine and Surgical Item as per Specification for Basic and Emergency Health Service | M/s Shankara Concern, Barahakshetra, Sunsari | रु. ५,८३,२९०.४८।- (अक्षरेपी रू. पाँच लाख त्रियासी हजार दुई सय नब्बे रुपैयाँ अठ्चालिस पैसा) |

**प्रमुख प्रशासकीय अधिकृत**

# धनपालथान गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**सोराभाग,मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

## दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

**(सूचना प्रकाशन मिति २०८१/१२/२०)**

यस धनपालथान गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०८१/११/१८ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित विद्युतीय बोलपत्र आहवानको सूचना अनुसार तपशिलमा उल्लेखित निर्माण कार्यका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| क्र. सं. | ठे. नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/SQ/ WORKS-१५/०८१/०८२ | सोमेस्वर नाथ महादेव मन्दिर कर्सिया धर्मशाला अधुरो निर्माण धनपालथान -०४ | एन.के. ब्रोदर्स कन्स्ट्रक्सन बुधिगंगा -०५, मोरङ | रु.१२,६०,२३२।५० |

थप शर्तहरु तथा जानकारीको लागि यस गा.पा.को **Website:dhanapalthanmun.gov.np** बाट जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# भैरवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भैरिकालिकाथुम, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१२/१९**

यस भैरवी गाउँपालिका कार्यालयले तपशिल निर्माण कार्य गराउनको लागि विद्युतिय माध्यमबाट बोलपत्र आह्वान गरिएकोले योग्यता पुगेका इच्छुक नेपाली फर्म/ कम्पनी/निर्माण व्यवसायहरुले सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र कार्यालय समयमा बोलपत्र खरिद गरी विद्युतिय खरिद प्रणाली (E–GP) मार्फत देहायका कागजात सहित बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र दस्तुर | बोलपत्र जमानत | बोलपत्र खोल्ने |
|---|---|---|---|---|---|
| BRM/NCB/WORKS/2081/082-05 | आवासिय भवन निर्माण योजना | २०८२ /०१/ १९ समय मध्यान्न १२:०० बजे | ३००० | ३००००० | २०८२ /०१/ १९ समय १३:३० |

**बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु**

१.कार्यालयको धरौटी खाता नं. २६५५०७३९२८००९३ मा नगदै जम्मा वा कम्तिमा ९० दिनको म्याद भएको कुनै बैकबाट जारी भएको बोलपत्र जमानत,
२.बोलपत्र दस्तुर वापत राजस्व शिर्षक १४२२९ आन्तरिक राजस्व खाता नं. ग१ २६५५०७३९२८०१०७ मा नगदै जम्मा गरेको भौचर।
३.बोलपत्र साथ आर्थिक बर्ष २०८०/०८१ को करचुक्ता प्रमाणपत्र, फर्म रजिष्ट्रसन दर्ता प्रमाण पत्र, कालोसूचीमा नपरेको र ५ वटा रनिङ्ग ठेक्का नरहेको स्वघोषणा पत्र।

थप जानकारीको लागि www.bopatra.gov.np/egp हेर्नु होला।

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘अभिमन्यु’को शुभमुहूर्तसँगै छायांकन सुरु



**काठमाडौं/मस–** चलचित्र ‘अभिमन्यु’को शुभमुहूर्त गरिएको छ । निर्माण पक्षले मंगलबार कीर्तिपुरमा चलचित्रको पूजा गर्दै शुभमुहूर्त गरेको हो । शुभमुहूर्तमा चलचित्रका अधिकांश मुख्य कलाकारको उपस्थिति थियो । मुहूर्त सट लिइएसँगै सिनेमाको छायांकन सुरु भएको छ ।

‘अभिमन्यु’मा गौमाया गुरुङ, सरिता गिरी, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, किरण श्रेष्ठलगायत कलाकार मुख्य भूमिकामा छन् । निर्माता विनोद पौडेलले सिनेमाको पात्रअनुसार बलियो लाइनअप तयार गरिएको बताएका छन् ।

सर्वकालीन ब्लकबस्टर सिनेमा ‘पूर्णबहादुरको सारङ्गी’ निर्माता पौडेलका अनुसार ‘अभिमन्यु’ आगामी २७ भदौमा रिलिज हुने छ ।

चलचित्रको थिम पोस्टरले चक्रव्यूह र पैसाबीचको संघर्षलाई प्रस्तुत गर्ने संकेत गरेको छ । पैसाको प्रलोभनमा चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किन खोज्ने व्यक्तिको संघर्षको सिनेमाको मुख्य कथा भएको बताइएको छ ।

सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण हुने सिनेमा ‘अभिमन्यु’लाई सुशान्त गौतमले निर्देशन गर्ने छन् । यो उनको डेब्यु निर्देशन हो ।

मुकेश खनालको लेखन रहेको चलचित्रका क्रिएटिभ निर्देशक मदन थापा हुन् । थापाले यसअघि चलचित्र ‘बाटो : रोड टु डेथ’ निर्देशन गरेका थिए ।

विनोद पौडेल र गुञ्जन गिरी निर्माता रहेको सिनेमाका रमेश चौलागाईं र हरि श्रेष्ठ सहनिर्माता छन् । ‘अभिमन्यु’मा शरद् महतोको डीओपी रहने छ । यो चलचित्र विश्वभर एकसाथ हिन्दी र नेपाली भाषामा रिलिज हुने छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/१२/२०**

**के.बि. फर्मा प्रा.लि.** को २०८१/११/२५ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फार्माक्लिनिक्स मेडिकल एण्ड डेण्टल सेन्टर प्रा.लि. (प्रा.लि. नं.: २८४१९६)** कायम गर्ने गरी मिति २०८१/१२/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/१२/२०**

**बोन्ड बिज्नेश कन्सल्टस प्रा.लि.** को २०८१/०८/१२ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि. नं.: १३१३१३)** कायम गर्ने गरी मिति २०८१/०८/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साइप्रसमा रोजगार

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY — शहर: CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८१/१२/१९ — चलानी नं.: ६०२३५५५७ — LT. No.: 321442

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeper | 5 | 15 | स. काममा दक्ष | 800 | ११८,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: D.I. MAIN LINE JOB AGENCY LTD — शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०८१/१२/१९ — चलानी नं.: ६०२३५५५६ — LT. No.: 321441

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 10 | स. काममा दक्ष | 700 | १०३,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २७ गते (9 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ८०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BASANTA EMPLOYMENT PVT. LTD. License No: 1752/081/082
Sinamangal-9, Kathmandu, Nepal, Ph No: +977-1-4534056, +977 9848359334, 9709090813
Email: basantakhadkaofficial@gmail.com, info.basantaemt@gmail.com, Web: www.basantaemployment.com


# Bandipur Rural Municipality
# Office of the Municipal Executive

**Bandipur, Tanahun**
**Gandaki Province, Nepal**

## Invitation for Electronic Bids

**First Date of Publication: 2081/12/20 (02-04-2025)**

1. The Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following Works under National Competitive Bidding Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount Exclusive of VAT and Contingencies | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ WORKS/14/2081/082 | Construction Of Ward No-2 Office Building | 25,91,649.82/- | 75,000.00/- (Validity 120 days) | 3,000.00/- | 02-05-2025, 12:00 | 02-05-2025, 13:00 |
| 2 | BRM/NCB/ WORKS/15/2081/082 | Bandipur Bahunbhanjyang Dharampani Road Pitch Works | 24,29,759.17/- | 75,000.00/- (Validity 120 days) | 3,000.00/- | 02-05-2025, 12:00 | 02-05-2025, 13:00 |

2. Bidder must submit tax clearance of F/Y: 2080/81.
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Bandipur Rural Municipality, Office of Rural Municipal Executive, Bandipur, Tanahun or PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

# Belaka Municipality
# Office of the Municipal Executive

**Rampur, Udayapur**
**Koshi Province, Nepal**

## Invitation for Sealed Quotation

**Second Date of Publication: 2081/12/20 (02-04-2025)**

1. The Belaka Municipality office invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under Sealed Quotation Procedure:

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount Without VAT With PS | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 09/BELAKA/ SQ/W/2081-082 | Construction of compound wall at Primary Health post, Ward No. 8 | 908,320.36 | 25,000.00/- (Validity 75 days) | 1000/- | 17-04-2025 12:00 | 17-04-2025 13:00 |
| 2 | 10/BELAKA/ SQ/W/2081-082 | Construction of compound wall at ward office, Ward No. 8 | 838,786.79 | 25,000.00/- (Validity 75 days) | 1000/- | 17-04-2025 12:00 | 17-04-2025 13:00 |
| 3 | 11/BELAKA/ SQ/W/2081-082 | Compound Wall mathi Gherabera Tatha Dhoka ra Wall maa Rang Rogan, Ward No. 2 | 356,148.01 | 10,000.00/- (Validity 75 days) | 1000/- | 17-04-2025 12:00 | 17-04-2025 13:00 |
| 4 | 12/BELAKA/ SQ/W/2081-082 | Upgrading Work of Belha Pipal Chowk-Bandada krishi Hat hudai Jangleko Mukh samma Krishi Sadak, Ward No. 2 | 710,829.86 | 20,000.00/- (Validity 75 days) | 1000/- | 17-04-2025 12:00 | 17-04-2025 13:00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO'S website www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मितिः २०८१/१२/२०**

यस बैंकको शाखा कार्यालय कुलेश्वर, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोमा हाल तपसिलमा उल्लेखित ऋणीहरुको मृत्यु भई सकेको भनि जानकारी प्राप्त भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन भनि उल्लेखित ऋणीहरुको नजिकको हकवालालाई समेत जानकारी गराउने गरी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम जमानीकर्तालाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणीहरुको नाम र ठेगाना**

१. श्री टोत्र बहादुर ठकुरी को नाती, श्री जित बहादुर ठकुरी को छोरा, मकवानपुर जिल्ला सिस्नेरी गा.पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ४ बस्ने स्वर्गीय श्री **हरि शरण ठकुरी** (ना.प्र.नं. ४९/१३०, जारी मिति २०५७/२/१०, जि.प्र.का मकवानपुर)

२. श्री राधा कृष्ण ठकुरी को नाती, श्री टोत्र बहादुर ठकुरी को छोरा, मकवानपुर जिल्ला सिस्नेरी गा.पा. वडा नं. ४ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ४ बस्ने स्वर्गीय श्री **जित बहादुर ठकुरी** (ना.प्र.नं. ६०५२, जारी मिति २०३९/५/१६ , जि.प्र.का मकवानपुर)

**जमानीकर्ताको नाम र ठेगाना**

१. श्री यज्ञ बहादुर बुढा क्षेत्री की छोरी, श्री हरि शरण ठकुरी की पत्नी, ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ४ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ४ बस्ने **स्मृती ठकुरी** (ना.प्र.नं. २८-०१-७३-०५२४६, जारी मिति २०७३/०९/१३, जि.प्र.का. ललितपुर)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER — BANK OF THE YEAR 2024 — NEPAL


## जापानमा रोजगार

कम्पनी : CROSS CULTURE COMMUNITY COOPERATIVE — शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०८१/१२/१७ — चलानी नं.: ६०२३५४४७ — LT. No.: 320776

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 5 | 0 | स. काममा दक्ष | 190000 | १७३,६७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ५०,००० कामदारले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

